# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १४२ | काठमाडौं | शुक्रबार, २७ भदौ २०८२ | Prabhab National Daily | Friday, 12 September 2025 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com



काठमाडौंको सुन्धारामा सुरक्षा र चेकजाँचका लागि तैनाथ रहेका नेपाली सेना। *तस्बिरः रासस*

# राष्ट्रपति पौडेलको खोजी

■ **प्रभाव संवाददाता**



- जेन-जी समूह अझै पनि वार्तामा बस्न नेतृत्व चयन प्रक्रियामै देखिन्छ । यस्तो स्थितिमा नागरिकले राष्ट्रपति रामचन्द्र पौडेलको खोजी गरेका हुन् ।
- वार्तास्थलमा दुर्गा प्रसाईंको प्रवेशपछि जेन-जी समूह पनि सेनासँग सशंकित देखिन थालेको छ ।
- राष्ट्रपति पौडेलकै अगुवाइमा नयाँ सरकार गठन प्रक्रिया थालिनुपर्ने नागरिक समाज तथा नागरिक अगुवाहरूको सुझाव

**काठमाडौं**– राष्ट्रपति रामचन्द्र पौडेलले पछिल्लो परिस्थितिलाई कसरी निकास दिन सकिन्छ भन्ने विषयमा आफू हर प्रयासमा लागेको बताएका छन् । राष्ट्रको अभिभावकको रूपमा रहेको राष्ट्रपति पौडेलको कुनै सन्देश नआएको भन्दै नागरिक समाजले उनको खोजी गरेपछि आफू निकासको प्रयासमा लागेको बताएका हुन् ।

बिहीबार एक वक्तव्य जारी गर्दै राष्ट्रपति पौडेलले लोकतन्त्रको संरक्षणका लागि आफू विचार विमर्शमा रहेको बताएका छन् । 'देशको अहिलेको बिषम परिस्तिथिमा मुलुकलाई संवैधानिक दायरामा रहेर कसरी निकास दिन सकिन्छ र मुलुकमा लोकतन्त्रको संरक्षण तथा शान्ति सुव्यवस्था कसरी कायम गर्न सकिन्छ भनेर म विचार विमर्श एवं हर प्रयास गर्दै छु,' राष्ट्रपति पौडेलले भनेका छन् ।

भदौ २२ गते जेन-जीको प्रदर्शन हिसात्मक बनेपछि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका छन् । यो सँगै जेन-जी समूह र नागरिकले नयाँ सरकार गठनको प्रक्रिया चाँडो थाल्न दबाब दिन थालेका छन् ।

यो बीचमा राष्ट्रपति पौडेलले भदौ २४ गते एक वक्तव्य जारी गर्दै जेन-जी समूहलाई वार्तामा आउन अपिल गरेका थिए । सोही दिन साँझ प्रधानसेनापति अशोकराज सिग्देलले पनि जेन-जी समूहलाई वार्तामा बोलाएका थिए ।

क्रमशः पृष्ठ २ मा

## सेनाको सहजीकरणमाथि प्रश्न

नयाँ सरकार गठनका लागि सेनाले गरिरहेको सहजीकरणमाथि चौतर्फी प्रश्न उठ्न थालेको छ । विद्यामान संविधानअनुसार गएमा राष्ट्रपति पौडेलले नयाँ सरकार गठनका लागि आह्वान गर्नुपर्छ । संविधानको धारा ७६ अनुसार नयाँ मन्त्रिपरिषद्को गठनका लागि राष्ट्रपतिले आह्वान गर्नुपर्ने हुन्छ ।

जेन-जीलेसमेत सेना प्रमुखसँग वार्ता गर्न सहज मानिरहेको देखिन्न । यस्तो अवस्थामा राष्ट्रपतिकै अगुवाइमा वार्ता हुनुपर्ने नागरिक समाजका अगुवाहरू बताउँछन् । 'राष्ट्रको अभिभावक राष्ट्रपति हुनुहुन्छ । उहाँले अभिभावकको भूमिका निभाउनुपर्छ । जेन-जीसँग राष्ट्रको अभिभावकले छलफल गरेर निकास निकाल्नुपर्छ,' पूर्वउपकुलपति केदारभक्त माथेमाले भने ।

क्रमशः पृष्ठ २ मा

# संविधानभित्रबाटै राजनीतिक निकास खोज्नुपर्नेमा जोड

- कांग्रेस, एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, पूर्वराष्ट्रपति, बार एसोसिएसन र बृहत् नागरिक आन्दोलनद्वारा संविधान र संवैधानिक प्रक्रियाबाट राजनीतिक निकास खोज्नुपर्नेमा जोड
- संवैधानिक प्रक्रियाबाहिरबाट निकास खोजिए प्रतिगमन निम्तिने चेतावनी
- संविधान खारेजी र संसद् विघटन जेन-जी आन्दोलनको एजेण्डा नभएको भनाइ
- जेन-जी आन्दोलनको बालेन समर्थित एकपक्ष संसद् विघटन र अन्तरिम संविधानको अडानमा




■ **जेबी योञ्जन**

**काठमाडौं**– जेन-जी आन्दोलनको एजेण्डाविपरीत संसद् विघटन र संविधान खारेजीपछि अन्तरिम सरकार गठनबारे चलिरहेको बहसलाई संसद्मा रहेका राजनीतिक दल, कानुन व्यवसायी, नागरिक समाजलगायत एकमत देखिएका छन् । वर्तमान संविधानभित्रैबाट नयाँ सरकार गठन गरी राजनीतिक निकास दिनुपर्नेमा उनीहरूको जोड छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले पनि संविधानको मर्मअनुसार नै राजनीतिक निकास दिन आवश्यक कदम चाल्ने बताएका छन् । सोहीअनुसार नयाँ सरकार गठनका लागि जेन-जी आन्दोलनका सरोकारवालालाई वार्तामा आह्वान गरिसकेका छन् । यसपछि नयाँ सरकार गठन कसको नेतृत्वमा गर्नेबारे सैनिक मुख्यालय जंगी अड्डामा छलफल जारी छ । छलफलले निष्कर्ष भने निकालेको छैन । यस्तोमा जेन-जी आन्दोलनको एक पक्षले संसद् विघटन र अन्तरिम संविधान निर्माणको सर्त राखेको छ । जेन-जी आन्दोलननिकट मानिने काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले पनि यसलाई सर्तको रूपमा अगाडि सारेका छन् ।

तर, जेन-जी आन्दोलनकै अर्कोपक्षले संसद् जीवित राखेर वर्तमान संविधानभित्रैबाट नयाँ सरकार गठन गरेर राजनीतिक निकास खोज्नुपर्ने विकल्प प्रस्तुत गरेको छ । यो विकल्पसँग मिल्दोजुल्दो प्रस्ताव राजनीतिक दल र नागरिक समाजबाट आएको हो ।

जेन-जी आन्दोलन नियन्त्रणबाहिर गएपछि प्रधानमन्त्रीबाट राजीनामा दिएर शिवपुरीस्थित नेपाली सेनाको ब्यारेकमा पुगेका केपी शर्मा ओलीको दल नेकपा एमालेले बिहीबार विज्ञप्ति जारी गर्दै संविधानबाहिरबाट राजनीतिक निकास खोज्न नहुने जानकारी दिएको छ । संविधानको मर्मअनुसार नै निकास खोज्न राष्ट्रपति पौडेललाई सुझाव दिएको छ ।

'सुशासन, नातावादको अन्त्य, तीव्र विकास र रोजगारी सिर्जनाजस्ता युवा पुस्ताका सरोकारहरूलाई सम्बोधन गरिनुपर्छ, यसका लागि संविधानका मर्मअनुरूप सार्थक संवाद सुरू गर्न र नेतृत्वदायी पहलकदमी लिन सम्माननीय राष्ट्रपतिज्यूलाई ध्यानाकर्षण गराउँछौं,' महासचिव शंकर पोखरेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अबको राजनीतिक निकास संविधानसम्मत रूपमा लोकतान्त्रिक विधिबाटै खोजिनुपर्छ भन्नेमा एमाले स्पष्ट रहेको पनि महासचिव पोखरेलको भनाइ छ । संसद्को ठूलो दल नेपाली कांग्रेसले वर्तमान परिस्थितिको निकासका लागि जे कदम चाल्ने हो, त्यसलाई संविधानले चिन्नेगरी चाल्न राष्ट्रपतिलाई आग्रह गरेको छ । तर, संविधानबाहिर गएर कुनै कदम नचाल्न कांग्रेसको सुझाव छ ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको संयुक्त विज्ञप्तिमा छ, 'वार्ताका क्रममा राष्ट्रपतिज्यू र जेन-जी पक्षलाई हामी आग्रह गर्छौं, अब देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शून्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस्, संविधान र लोकतान्त्रिक बाटोबाट नै समाधान खोज्दै यो बेथितिको अन्त्यको मार्गचित्र तय गरियोस् ।'

यदि, संसद्बाहिरबाट प्रधानमन्त्री बनाउने भए पनि संविधानले चिन्ने बनाउनुपर्नेमा कांग्रेसको जोड छ । 'राष्ट्रपतिले संसद् बाहिरको व्यक्तिलाई प्रधानमन्त्री बनाएको खण्डमा सभामुखले संसद्लाई त्यसबारे जानकारी दिनुपर्छ,' कांग्रेस महामन्त्रीद्वय भन्छन्, 'सभामुखले नै विशिष्ट परिस्थितिमा संसद् बाहिरका व्यक्तिसमेत निश्चित उद्देश्यका लागि प्रधानमन्त्री बन्न सक्नेगरी संविधानमा संक्रमणकालीन धारा थप गर्ने गरी प्रस्ताव गर्न सक्छन् ।'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# जेन-जी आन्दोलनका कारण वैदेशिक रोजगार क्षेत्र ठप्प

## नवआगन्तुकहरूले वैदेशिक रोजगारलाई अर्थतन्त्रसँग जोडेर हेर्नुपर्ने सुझाव

■ **ममता थापा**



बुधबार साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिनेको भीड । *तस्बिरः रासस*

**काठमाडौं**– जेन-जी आन्दोलनका कारण मुलुकमा सबै क्षेत्र ठप्प भएको अवस्थामा वैदेशिक रोजगार व्यवसाय पनि उत्तिकै प्रभावित भएको छ । व्यवसायीहरूका अनुसार आन्दोलनयता वैदेशिक रोजगार क्षेत्र ठप्प भएको छ ।

मुलुकबाट दैनिक औसतमा एक हजार ५०० देखि दुई हजार श्रमिक रोजगारीका लागि विदेसिने गरेको तथ्यांक छ । मंगलबार र बुधबार अन्तर्राष्ट्रिय उडान ठप्प भएको थियो । उक्त दुई दिनमा तीनदेखि चार हजार श्रमिकको उडान प्रभावित भएको आँकलन गरिएको छ ।

बिहीबारबाट भने त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमा विदेसिनेहरूको चहलपहल बढेको छ । सवारीसाधन नचल्दा वैदेशिक रोजगारीका विभिन्न प्रक्रियाका लागि काठमाडौं आउनपर्नेहरू आ-आफ्नो जिल्लामै रोकिएका छन् । निषेधाज्ञा र कफर्चुलाई क्रमशः खुकुलो बनाउँदै लगे पनि सार्व सार्वजनिक सवारीसाधन सञ्चालनमा आएको छैन । त्यसैले अझै केही दिन चहलपहल नबढ्ने व्यवसायीहरू बताउँछन् ।

व्यवसायीहरू भने रोजगारदाताले भनेको समयमा श्रमिक पठाउन नसकेकोमा चिन्तित देखिएका छन् । मंगलबार र बुधबार तय भएका उडानका साथै तोकिएका अन्तर्वार्ताहरू रोकिँदा समस्या भएको व्यवसायी बताउँछन् ।

जेन-जी आन्दोलनका क्रममा वैदेशिक रोजगार विभागसमेत तोडफोड र आगजनीबाट क्षतिग्रस्त बनेको छ । श्रम स्वीकृति दिइँदै आएको माथिल्लो भवनमात्रै सुरक्षित रहेको छ । भवन क्षतिग्रस्त भए पनि विभागले श्रम स्वीकृतिको कामलाई निरन्तरता दिइएको जानकारी दिएको छ । विभागका कर्मचारीले घरबाटै अनलाइनमार्फत श्रम स्वीकृतिको सेवा दिइरहेको बिहीबार सूचनामार्फत विभागले जानकारी दिएको छ ।

क्रमशः पृष्ठ २ मा

# जेन-जी आन्दोलनमा मृतकको संख्या ३४ पुग्यो

## एक हजारभन्दा बढी घाइतेको उपचार

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– जेन-जी आन्दोलनका क्रममा मृत्यु हुनेको संख्या ३४ पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबारसम्म अस्पतालमा ३४ जनाको मृत्यु भएको पुष्टि गरेको हो । मन्त्रालयले उक्त आन्दोलनमा परी घाइते भएका एक हजारभन्दा बढीको उपचार भएको जानकारी दिएको छ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार देशभरका ४१ अस्पतालमा ३४ जनाको मृत्यु र एक हजार ३६८ जनाको उपचार भएको छ । मन्त्रालयले जेन-जी आन्दोलनका क्रममा मृत्यु र घाइते भएकाको विवरण विभिन्न अस्पतालमा सम्पर्क गरी सार्वजनिक गरेको जानकारी दिएको छ ।

निजामती कर्मचारी अस्पतालमा छ, राष्ट्रिय ट्रमा सेन्टरमा आठ, एभरेस्ट अस्पतालमा तीन, काठमाडौं मेडिकल कलेज सिनामंगलमा दुई, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा एक, बयोधा अस्पतालमा दुई, फ्रन्टलाइन अस्पतालमा तीन, बी एण्ड सी अस्पताल विर्तामोडमा एक, विर्तासिटी अस्पतालमा एक, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा दुई र भेरी अस्पतलालमा पाँच गरी ३४ जनाको मृत्यु भएको मन्त्रालयले उल्लेख गरेको छ ।

क्रमशः पृष्ठ २ मा

**कुन अस्पतालमा कति ?**

| अस्पताल | मृतक संख्या |
|---|---|
| निजामती कर्मचारी अस्पताल | ६ जना |
| राष्ट्रिय ट्रमा सेन्टर | ८ जना |
| एभरेस्ट अस्पताल | ३ जना |
| काठमाडौं मेडिकल कलेज सिनामंगल | २ जना |
| त्रिवि शिक्षण अस्पताल | १ जना |
| बयोधा अस्पताल | २ जना |
| फ्रन्टलाइन अस्पताल | ३ जना |
| बी एण्ड सी अस्पताल विर्तामोड | १ जना |
| विर्तासिटी अस्पताल | १ जना |
| बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | २ जना |
| भेरी अस्पतलाल | ५ जना |

*स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

## हातहतियार फिर्ता गर्न प्रहरीको आग्रह

**काठमाडौं (प्रस)**– जेन-जी गरेको प्रदर्शनका क्रममा प्रहरीसहित अन्य सुरक्षा निकायका हातहतियारलगायत सामग्री फिर्ता गर्न नेपाल प्रहरीले आग्रह गरेको छ ।

प्रहरी प्रधान कार्यालयले बिहीबार एक विज्ञप्ति जारी गर्दै यही भदौ २३ देखि २५ गते भएको प्रदर्शनमा सुरक्षा निकायका हतियार, सञ्चार साधन, सवारीसाधन र अन्य भौतिक साधनहरू नियन्त्रणमा लिएको वा कतै फेला पारेमा फिर्ता गर्न आग्रह गरेको हो ।

क्रमशः पृष्ठ २ मा

# आइतबारदेखि सर्वोच्च अदालतले नियमित सुनुवाइ गर्ने

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले यही भदौ २९ गतेदेखि नियमित सुनुवाइ गर्ने भएको छ। अदालतले बन्दी प्रत्यक्षीकरणका निवेदन पनि सोही दिनदेखि नै दर्ता गर्ने जानकारी दिएको छ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको अध्यक्षतामा बिहीबार भएको आकस्मिक बैठकले उक्त निर्णय गरेको हो । बैठकले यही भदौ २३ र २४ मा भएका घटनाप्रति दुःख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

सर्वोच्चले जारी गरेको विज्ञप्तिमा आन्दोलनका क्रममा सर्वोच्चसहित देशभरका अदालतमा आगजनी, ढुंगामुढा, तोडफोड र लुटपाट हुँदा भवन, उपकरण, सवारीसाधन तथा ऐतिहासिक दस्तावेजहरूमा क्षति भएको जनाउँदै देशको न्यायिक इतिहाससँग सम्बन्धित महत्त्वपूर्ण अभिलेखहरू करिब नष्ट हुन पुगेकामा गहिरो पीडा प्रकट गरिएको छ।

'जे-जस्तो अवस्था र परिस्थिति भए पनि न्यायको मार्गमा अविचलित र दृढ रहदै आमनागरिकको न्यायप्रतिको अपेक्षालाई सम्बोधन गर्न यथाशीघ्र अदालतहरू सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

बैठकले भदौ २३ र २४ गतेका घटनामा ज्यान गुमाएकाहरूप्रति दुःख व्यक्त गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना प्रकट गरेको छ । साथै, घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

# लेतेखोलाको बाढीले भौतिक संरचनामा क्षति

**म्याग्दी–** जिल्लाको बेनी नगरपालिका-४ सिंगा तातोपानीमा रहेको लेतेखोलामा बिहीबार बिहान आएको बाढीले एक रेस्टुरेण्ट पुरिएको छ। दुईवटा घर, सामुदायिक भवन र मन्दिरमा बाढी पसेर क्षति भएको छ।




प्रेम श्रीसले सञ्चालन गरेको श्रीस होटल बाढीले पूर्णरूपमा पुरिएको बेनी-४ का वडा अध्यक्ष अणबहादुर खड्काले जानकारी दिए । उनका अनुसार स्थानीय मनकुमारी कार्की र सोविता कार्कीको घरभित्र बाढी पसेको छ ।

तातोपानी कृषि सहकारी संस्था र भगवती मन्दिरभित्र बाढी पसेको छ । बाढीले मंगाला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडक अवरुद्ध बनाएको खड्काले जानकारी दिए ।

घरभित्र रहेका स्थानीय बाढी आउन थालेपछि भागेर ज्यान जोगाएका छन् । अहिले जनप्रतिनिधि, सुरक्षाकर्मी र स्थानीय डोजरको सहायतामा बाढी नियन्त्रणमा जुटेका छन् । बेनी नगरपालिका र पूर्वाधार विकास कार्यालयले दुईवटा डोजर परिचालन गरेका छन् ।

स्थानीयवासीले सामुदायिक भवन र मन्दिरभित्र पसेको बाढी पन्छाउन श्रमदान गरेका छन् । १३० थान ग्याबियन जाली लगाउन थालिएको छ । तटबन्धका लागि बुधबार साँझ त्यहाँ लगेर राखिएको ग्याबियन जाली पनि बाढीले पुरेको छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### संविधानभित्रबाटै...

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि जेन-जी युवाहरूले उठाएका माग संविधान र वर्तमान संसदीय प्रक्रियाभित्रबाटै खोजिनुपर्ने बताएका छन् । संसद् विघटन र लोकतान्त्रिक व्यवस्थाविरुद्ध उनीहरूको आन्दोलन नभएको पनि दाहालले स्पष्ट पारे ।

'हाम्रो स्पष्ट मत छ, लोकतन्त्रको विकल्प समुन्नत र अझ बढी सुदृढ लोकतन्त्र, गणतन्त्रको विकल्प अझ सुदृढ गणतन्त्रमात्रै हो । जेन-जी पुस्ताको माग न लोकतान्त्रिक व्यवस्था र संविधानविरुद्ध थियो, न संसद् विघटनका पक्षमा नै,' दाहालले विज्ञप्तिमार्फत भने, 'उहाँहरूले उठाएका माग संविधान र वर्तमान संसदीय प्रक्रियाभित्रबाट पूरा हुन सक्छन् भन्नेमा हामी विश्वस्त छौं ।'

अहिलेको संविधान र व्यवस्थापिका संसद्को शून्यतामा खोजिने राजनीतिक निकासले प्रतिगमनलाई फाइदा पुग्ने उनको चेतावनी छ । वर्तमान संविधान तुलनात्मकरूपमा उत्कृष्ट भन्दै दाहालले भने, 'अहिलेको संक्रमणकालीन अवस्थाको निकाससमेत संविधानसम्मत तरिकाले हुनुपर्दछ । संविधान र व्यवस्थापिका संसद्को शून्यतामा खोजिने राजनीतिक निकासले अन्ततः प्रतिगमनलाई नै फाइदा पुऱ्याउने छ ।'

अर्का पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले जेन-जी पुस्ताको माग वर्तमान संविधान र संसद्बाटै सम्बोधन हुने बताएका छन् । त्यसो हुनाले अबको राजनीतिक निकास संविधानसम्मत हुनुपर्ने उनको सुझाव छ । लोकतन्त्रविहीन राज्यमा भ्रष्टाचार र कुशासनविरुद्धका आन्दोलन त के बोल्नसमेत नपाइने अवस्था सिर्जना हुने भन्दै अध्यक्ष नेपालले भने, 'जेन-जी पुस्ताले उठाएका मागको सम्बोधन वर्तमान संविधान र संसद्भित्रैबाट गर्न सकिन्छ ।'

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि संविधानको मर्म र भावनाविपरीत अघि नबढ्न राष्ट्रपति पौडेललाई आग्रह गरेकी छन् । उनले अहिलेको राजनीतिक परिस्थितिको सही निकास संविधानको भावना र मर्मलाई आत्मसात गरेर अघि बढ्दा निस्किने बताइन् । 'जस्तोसुकै विषम् राजनीतिक परिस्थितिमा पनि यसको सही निकास निकाल्न संविधानको मर्म र भावनालाई आत्मसात् गर्दै संवैधानिक प्रावधानअनुसार अगाडि बढ्नु पर्दछ,' पूर्वराष्ट्रपति भण्डारीको वक्तव्यमा भनिएको छ।

कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनले अहिलेको संविधानभित्रकै प्रक्रियाबाट मुलुकको राजनीतिक निकास खोज्न राष्ट्रपतिको ध्यानाकर्षण गराएको छ । आन्दोलनकारी जेन-जी समूहको माग पनि संविधान र व्यवस्था परिवर्तन नभएको बारले स्मरण गराएको छ । यससँगै बारले राष्ट्रिय सरकार गठनको विकल्प अघि सारेको छ ।

'आन्दोलनकारी शक्तिहरू सरकार परिवर्तनको इच्छा राखेको र अहिले सरकार परिवर्तनको प्रक्रिया सुरु भएकाले संविधानको धारा ७६, ७७ र ७८ र धारा ६१ को मर्म र भावनामा रहेर राष्ट्रिय सरकार गठन गर्न सकिने भएकोले प्रक्रिया प्रारम्भ गर्न हार्दिक अपिल गर्दछौं ।' बारले प्रस्तुत गरेको सरकार गठनको यो विकल्प संविधानअनुसार हो ।

यस्तै, बृहत् नागरिक आन्दोलनले समेत संगीन परिस्थितिमा प्रतिक्रान्तिलाई परास्त गर्ने सबैभन्दा बलियो किल्ला २०७२ सालको संविधान भएकाले यसका जगमा जेन-जी आन्दोलनको सफलताको बाटो पहिल्याउनु आवश्यक रहेको भन्दै अपिल गरेको छ । राष्ट्रपतिको अभिभावकत्वमा जेन-जी क्रान्तिको सफलताको बाटो पहिल्याउनु नै आवश्यकता भएको औंल्याइएको छ । यसअघि राष्ट्रिय मानवअधिकार आयोगले पनि संवैधानिक मूल्य र मान्यतामा आधारित रहेर नयाँ सरकार गठन गर्नुपर्ने मत प्रकट गरेको थियो ।

तर, काठमाडौं महानगरका प्रमुख साह समर्थित जेन-जीको एउटा समूहले लगातार संसद् विघटन र अन्तरिम संविधानको पक्षमा अडान राख्दै आएको छ। यसलाई देशमा फेरि राजतन्त्र र हिन्दूराष्ट्र कायम गर्न जोड्बल गरिरहेको परम्परावादी शक्ति राप्रपाले समर्थन गरेको छ । बाहृय शक्तिको चलखेल पनि यसप्रति नै केन्द्रित रहेको देखिन्छ । यस्तोमा खासगरी गणतन्त्रपक्षधर दलहरू, पूर्वराष्ट्रपति र नागरिक समाजले एकै स्वरमा वर्तमान संविधान र संसद्भित्रैबाट राजनीतिक निकास खोज्नुपर्नेमा जोड दिएका हुन् ।

■■■

### राष्ट्रपति पौडेलको...

तर जेन-जी समूह अझै पनि वार्तामा बस्नका लागि नेतृत्व चयन प्रक्रियामै देखिन्छ । यस्तो स्थितिमा नागरिकले राष्ट्रपति पौडेलको खोजी गरेका हुन् । राष्ट्रपति पौडेलले आन्दोलनकारी समूहको माग सम्बोधन गर्न आफूले प्रयास जारी गरिरहेकोसमेत बताएका छन् । 'आन्दोलनकारी नागरिकहरूको माग सम्बोधन गर्न छिटोभन्दा छिटो समस्याको निदानको खोजी भइरहेको कुरामा विश्वस्त हुन र संयमतापूर्वक मुलुकमा शान्ति सुव्यवस्था कायम गर्ने काममा सहयोग गर्न सबै पक्षलाई अपिल गर्दछु,' विज्ञप्तिमार्फत पौडेलले भनेका छन् ।

कतिपयले भने राष्ट्रपति पौडेल देखिनेगरी भिडियो सन्देशमार्फत आउनुपर्ने माग गरिरहेका छन् । मंगलबार राष्ट्रपतिको सरकारी कार्यालय शीतल निवास प्रदर्शनकारीले जलाएयता पौडेल भौतिक रूपमा देखिएका छैनन् । पौडेलको बोहोराटारस्थित निजी निवासमा पनि प्रदर्शनकारीले आगो लगाइदिएका छन् । यस्तो अवस्थामा कतै उनलाई सेनाले बन्धक त बनाएका छैनन् भनी प्रश्न गर्न थालेका छन् । राष्ट्रपति पौडेलमार्फत नयाँ सरकारको गठन प्रक्रिया हुनुपर्नेमा सेनाले सहजीकरण जारी राखेपछि नागरिक थप सशंकित बन्न थालेका हुन् ।

#### जेन-जीसँगको वार्ता स्थगित

जेन-जी समूहसँग बिहीबार बिहान नेपाली सेनाले वार्ताको प्रयास गरेको थियो । जेन-जी समूहले राष्ट्रपतिसहितको वार्ता चाहेपछि उक्त वार्ता स्थगित भएको छ । जेन-जी समूहले बुधबार आफ्नो तर्फबाट पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई नेतृत्वको रूपमा अघि सारेको थियो । तर, बिहीबार फेरि कूलमान घिसिङको नाम अघि सारिएको छ ।

बिहीबार कार्कीसँगै राष्ट्रपति पौडेल र प्रधानसेनापति सिग्देलबीचको त्रिपक्षीय वार्ताबाट निर्णायक निकास निकाल्ने अपेक्षा गरे पनि वार्ता हुन सकेन । वार्तास्थलमा दुर्गा प्रसाईंको प्रवेशपछि जेन-जी समूहले वार्तास्थल छाडेर रिपोर्टर्स् क्लब पुगेका थिए ।

असन्तुष्ट देखिएका जेन-जी समूहका सुदन गुरुङले आफूहरू यही संविधानअनुसार नै अगाडि बढ्ने बताएका छन् । 'संविधान चाहिन्छ, खारेज नगर्ने । अरुले हस्तक्षेप हुन्छ । तर संविधान संशोधन हुनुपर्छ,' गुरुङले पत्रकार सम्मेलनमा भने । यता प्रधानसेनापति सिग्देलले भने साँझ राष्ट्रपति पौडेलसँग भेट गरेको स्रोतले बताएको छ । भेटमा प्रधानसेनापति सिग्देलले जेन-जीसँग भएको वार्ताको प्रगतिबारे राष्ट्रपतिसँग ब्रिफिङ गराएको बताइएको छ ।

■■■

### सेनाको...

नेपाल बार एसोसिएसनले अहिलेकै संविधानमा टेकेर राष्ट्रपतिबाटमात्र नयाँ सरकार गठनको प्रक्रिया थाल्नुपर्ने जनाएको छ । बिहीबार बारका अध्यक्ष प्रा.डा. विजय मिश्र र महासचिव केदार कोइरालाले संयुक्त राष्ट्रपतिलाई राष्ट्रिय सरकार गठनबारे अपिलपत्र लेख्दै भनेका छन्, 'कुनै पनि बहानामा लोकतन्त्र, गणतन्त्र, संघीयता, समानुपातिक समावेशीजस्ता लामो संघर्षबाट नेपाली जनताले प्राप्त गरेका र संविधानमा लिपिबद्ध भएका मुलभूत उपलब्धिहरूमाथि कुनै पनि किसिमको सम्झौता गरिनुहुँदैन । यी राष्ट्रिय पहिचानका आधारस्तम्भको रक्षा राष्ट्र प्रमुखको रूपमा सम्माननीय राष्ट्रपतिज्यूबाट गरिराख्न हार्दिक अनुरोध गर्न चाहन्छौं ।'

अहिले सरकार परिवर्तनको प्रक्रिया प्रारम्भ भइसकेको अवस्थामा संविधानको धारा ७६, ७७ र ७८ र धारा ६१ को मर्म र भावनाभित्र रहेर राष्ट्रिय सरकार गठनको प्रक्रिया थाल्न बारले सुझाएको छ ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि संविधानभित्रै रहेर अहिलेको समस्याको समाधान खोजिनुपर्ने बताएकी छन् । 'संविधानभित्रबाट नै वर्तमान राजनीतिक समस्याको समाधान निकाल्नुपर्दछ । यसो गरिरहँदा आन्दोलनकारी जेन-जी पुस्ताको माग र चाहनालाई अभिव्यक्त गर्ने कुरामा गम्भीरतापूर्वक ध्यान पुऱ्याउनुपर्छ,' भण्डारीले भनेकी छन् ।

■■■

### जेन-जी आन्दोलनमा...

त्यसैगरी अहिले ३२१ जना घाइतेको भर्ना भई उपचार भइरहेको छ। मन्त्रालयका सचिव डा. विकास देवकोटाका अनुसार अहिले पनि निजामती कर्मचारी अस्पतालमा ४८, ट्रमा सेन्टरमा ५८, त्रिवि शिक्षण अस्पतालमा २५ र काठमाडौं मेडिकल कलेजमा ३५ र वीरेन्द्र सैनिक अस्पतालमा २६ जनाको उपचार भइरहेको छ । उनका अनुसार ९४९ जना उपचारपश्चात् घर फर्किसकेका छन् ।

■■■

### हातहतियार फिता...

उक्त हातहतियारलगायत अन्य सामग्रीहरू स्थानीय प्रहरी वा सुरक्षा निकायको कार्यालय वा जिल्ला प्रहरी कार्यालय वा प्रहरी कन्ट्रोल रुम १०० वा टोल फ्री नम्बर १६६००१४१५१६ वा नेपाल प्रहरी प्रधान कार्यालयको सम्पर्क नं ९८५१२९३४५९ मा सम्पर्क गरी फिर्ता बुझाउन अनुरोध गरिएको छ ।

यस्तै, प्रदर्शनका क्रममा प्रदर्शनकारीहरूले नियन्त्रणमा लिएका प्रहरीको पोसाकहरू दुरूपयोग नगर्न हुन र सोसँग सम्बन्धित सूचनाहरू समेत उपलब्ध गराउन सर्वसाधारणहरूलाई अनुरोध गरिएको छ ।

■■■

### जेन-जी आन्दोलनको...

विकसित घटनाक्रमले व्यवसायीलाई मात्र नभएर सिंगो मुलुक नै अठ्यारो अवस्थामा रहेकाले आफूहरूलाई प्राथमिकतामा नराखेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेश बस्नेतले बताए । 'व्यवसायलाई मात्र नभएर देशमै ठूलो प्रभाव छ । मुलुकको विषमा परिस्थितिमा व्यवसायलाई प्राथमिकतामा राख्न सकेका छैनौं । सबै कार्यालयहरू बन्द छन्। आवागमन ठप्प हुँदा कतिको टिकेट उडयो,' बस्नेतले भने, 'बुधबारबाट अन्तर्राष्ट्रिय उडान सुरु भएपछि जो पहिला नै काठमाडौं आइसक्नुभएको थियो उहाँहरूको उडान भएको देखिन्छ। उहाँहरू सायद जानुभयो । उपत्यकाबाहिरको मान्छेलाई समस्या नै देखिन्छ ।'

कतिपय व्यवसायीले ट्राभल एजेन्सीहरूलाई फ्लाइट रिसेड्युल गर्न आग्रह गरेको बुझिएको बस्नेतले बताए । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष डा. डिकबहादुर खत्री 'कुमार' श्रमिकलाई सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउने जिम्मेवारी व्यवसायीको भएको बताउँछन् । उडान सुरु हुन थालेकाले गन्तव्य मुलुक जान तयार भएका सम्पूर्ण श्रमिकले आफू जान तयार छु भनेको अवस्थामा उनीहरूलाई व्यवस्थित तवरले गन्तव्यसम्म पुऱ्याउनुपर्ने उनको भनाइ छ ।

तथ्यांक उपलब्ध गराउने निकायहरू बन्द रहेकाले कति श्रमिक प्रभावित भए, कति उडान रद्द भए भन्ने विषयको यकीन जानकारी आइनसकेको वरिष्ठ उपाध्यक्ष खत्रीले बताए । विभिन्न मुलुकमा भएका रोजगारदाताले मुलुकको घटना र यस क्षेत्रका विषयमा चासो व्यक्त गरिरहेको उनको भनाइ छ । सबै निकायहरू समस्याग्रस्त रहेको अवस्थामा व्यवसायीहरूसँग पनि काम छोडेर सामाजिक सञ्जाल हेर्नुभन्दा केही विकल्प नभएको खत्रीले बताए ।

पछिल्लो घटनाक्रमबाट मुलुकले ठूलो क्षति व्यहोरेकाले यसको परिपुरणका लागि अब मुलुकको नेतृत्व सम्हाल्नेहरूले वैदेशिक रोजगारीको क्षेत्रमा विशेष ध्यान दिनपर्ने उनको सुझाव छ । 'सामान्य स्थिति भइसकेपछि पनि तत्कालका लागि वैदेशिक रोजगार क्षेत्रलाई नवआगन्तुकहरूले देशको अर्थतन्त्रसँग जोडेर हेर्नुपर्ने र अर्थतन्त्रको सन्तुलनका लागि पनि वैदेशिक रोजगारीलाई स्वस्थ बनाउनुपर्ने देखिन्छ। यसलाई नयाँ सत्ता सञ्चालन गर्नेहरूले पनि नकारात्मक हिसाबले हेरिदिनु हुँदैन,' वरिष्ठ उपाध्यक्ष खत्रीले भने ।

वैदेशिक रोजगारीले मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँदै आएको छ । मुलुकको अर्थतन्त्रमा करिब ३० प्रतिशत योगदान वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिटयान्सको रहेको तथ्यांक छ। मुलुकमा आइपर्ने सम्भावित आर्थिक संकटलाई न्यूनीकरण गर्न वैदेशिक रोजगारीलाई सरकारले प्रथमिकतामा राख्ने व्यवसायीको अपेक्षा छ ।


## Sindhu Jwala Hydropower Limited

**Upper Nyasem Khola Hydroelectric Project (43 Mw)/ Upper Nyasem Khola-A Hydroelectric Project (21 Mw)**

## Invitation For Bids

**Invitation for Bids for the "the Lot 3: Electromechanical Works"**
**(Design, Manufacture, Supply, Installation, Testing and Commissioning of Electromechanical Equipment)**
**(Contract Identification No.: SJHL/UNKHEP/081/082/L-3EM-01)**
**(Latest date of Publication of Notice: 2025/09/12)**

1. Sindhu Jwala Hydropower Limited (SJHL), the "Employer", is a Company promoted by various experts and well reputed personalities of Nepalese power sector. SJHL is currently in the process of developing a ROR hydropower project called Upper Nyasem Khola Hydroelectric Project (UNKHP) of installed capacity 43 MW and Upper Nyasem Khola-A Hydroelectric Project (UNK-AHP) of installed capacity 21 MW at Nyasem river of Sindhupalchowk district. It is intended that the part of the proceeds of these resources will be applied to eligible payments under the contract for which this Invitation to Tender is issued.
2. **Information to deposit the cost of the bidding document in the Bank:**
   **Cost of Bidding Documents: NRs. 10,000/- (Rupees Ten thousand only).**
   **Name of the Bank: Prabhu Bank, Sindhu Jwala Hydropower Limited,**
3. **Last Date and Time for Submission of Bidding Documents: 31st day of Notice Publication till on 12:00 hours**
4. Sindhu Jwala Hydropower Limited invites sealed bids from eligible bidders for the Lot 3: Electromechanical Works (Design, Manufacture, Supply, Installation, Testing and Commissioning of Electromechanical Equipment), Contract Identification No.: **SJHL/UNKHEP/081/082/L-3EM-01**, through Plant and Design-Build (DB) mode under **International Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.**
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Work experience of similar size and nature:
   4.1 **Participation as Prime contractor or joint venture partner, in at least one EPC/Turnkey/DB Contract within the last ten (10) years, with a value of at least equivalent US $ 25,200,000.00 (In Words: USD Twenty Million and Two Hundred Thousand Only) that have been successfully or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section VI, Employer's Requirements.**
   4.2 **Complete design and manufacture inhouse (must have facility of hydraulic model testing and CFD modeling for turbines), supply, erection, testing and commissioning turbine- generator units including:**
   i. Per unit each with capacity of 15 **MW** or higher in at least two different hydropower project that have been in successful operation for at least 2 years as of bid submission deadline. Out of Two (2) projects, One (1) should be vertical Pelton turbine & other should be horizontal Pelton turbine of high head above 800m that has been in successful operation for at least two (2) years as of bid submission deadline.
   ii. Per unit of Generator of **20 MVA** or higher capacity in at least two different hydropower project that have been installed and successfully in operation for at least Two (2) years as of bid submission deadline.
   iii. Complete design, manufacture, supply, erection, testing and commissioning of 132 kV GIS and AIS or higher equipment that have been in successful operation for at least 2 years as of bid submission deadline.
   iv. Complete design, manufacture, supply, erection, testing and commissioning of minimum two (2), 132kV Indoor Type Power Transformers, each with minimum capacity of 20 MVA that have been in successful operation for at least 2 years as of bid submission deadline.
   v. Complete design, manufacture, supply, erection, testing and commissioning of one (1) Hydro Plant Control system with minimum capacity 40 MW including SCADA and Telemetry that have been successfully in operation for at least 1 years as of bid submission deadline.
5. **Lot 3: Electromechanical Works (Design, Manufacture, Supply, Installation, Testing and commissioning of Electromechanical Equipment) must be of European Manufacturer and Deferred payment modality.**
6. **Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 fiscal years: US $ 50,300,000.00**
7. The amount of Bank Guarantee may be subject to increase or decrease as per the decision of the Board of Directors.
8. **Able to demonstrate adequate Manpower and Equipment to be used for the Project.**
9. Bid Proposal including financial and technical proposal shall be sealed in separate envelopes marking "Financial proposal" & "Technical proposal" respectively in each and submitted to Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal on date and time mentioned in table above. One (1) set of original and one (1) set of duplicate bid document (of each technical and financial) shall be submitted.
10. Bids shall be opened as mentioned in the table above at the office of Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal in the presence of Bidders' representatives, if any. The technical proposal will be opened first and financial proposal of only those bidders will be opened whose technical proposal will qualify. Bids must be valid for a period of 120 days counting from the day of Bid opening and must be accompanied by Bid security, amounting to 5% of bidding amount (NRS) which shall be valid for minimum 30 days beyond the Bid validity period in favor of Sindhu Jwala Hydropower Limited.
11. If any information/data provided in the Submitted Bid is unclear, illegible or not substantiated by supporting document, such information/data shall not be taken into account for qualification.
12. If the last date of Bid submission/opening falls on a Government holiday, the same time of next working day shall be considered for such events.
13. Pre-bid meeting will be held at 14:00 hours on 2025/10/02 at Employer's office in Tinkune-32, Kathmandu. Attendance is strongly advised to all the qualified bidders.
14. SJHL reserves the right to accept or reject any Bid, partly or wholly, or cancel the Bid altogether, at any time prior to Contract award, without thereby incurring any liability to the affected Bidder or Bidders and without assigning any reason whatsoever.
15. Eligible Bidders may obtain further information at the office of Sindhu Jwala Hydropower Limited, Tinkune-32, Kathmandu, Nepal.

**Address:**
**Sindhu Jwala Hydropower Limited**
Tinkune-32, Kathmandu, Phone: 01-4245184
E-mail: sindhujwalahydropower@gmail.com, info@sindhuhydro.com

## जेन-जी आन्दोलन र विध्वंशपछिको तस्बिर











१) काठमाडौंको माइतीघर मण्डलमा सुरक्षा र चेकजाँचका लागि तैनाथ रहेका नेपाली सेना ।
२) 'जेन-जी'को प्रदर्शनका क्रममा तोडफोड गरी मंगलबार दाङको तुलसीपुर उपमहानगरपालिकामा लागाइएको आगो अझै नियन्त्रण बाहिर ।
३) 'जेन-जी' प्रदर्शनका क्रममा तोडफोड गरी आगजनी गरिएको काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका कार्यालयको भवन ।
४) जेन-जी आन्दोलनका क्रममा ढालिदिएको दाङको घोराही उपमहानगरपालिका-१५ स्थित दामोदर चोकको प्रहरी बिट बिहीबार बिहान व्यवस्थापन गर्दै नेपाल प्रहरी ।
५) जेन-जीको आन्दोलनमा आगजनीमा परेको बाँकेको नेपालगञ्ज उपमहानगरपालिकाका ध्वस्त भएका भौतिक सामग्रीहरूलाई सरसफाइ गरिँदै ।

*तस्बिरहरू: रासस*

# भागेका कैदीबन्दीलाई धमाधम नियन्त्रणमा लिइँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी आन्दोलनपछि विभिन्न कारागारबाट भागेका कैदीहरूलाई नियन्त्रणमा लिने क्रम जारी छ । कतिपय कैदी आफैं कारागार फर्किन थालेका छन् । नेपाली सेनालगायत अन्य सुरक्षा निकायहरू परिचालन भएपश्चात् भदौ २५ गते बेलुका ६ बजेदेखि बिहीबार बिहान ६ बजेसम्म थप १९२ कैदीलाई नियन्त्रणमा लिइएको नेपाली सेनाले जानकारी दिएको छ । सेनाले बिहीबर विज्ञप्तिमार्फत सप्तरीको राजविराजस्थित जिल्ला कारागारबाट भाग्ने प्रयास गरिरहेका १९२ जना कैदीलाई नियन्त्रणमा लिएको जानकारी दिएको हो ।

त्यसैगरी कञ्चनपुरको चाँदनीमा भारतीय सीमा सुरक्षा बलले भारततर्फ जाँदै गरेका सात जना कैदीलाई नियन्त्रणमा लिई सेनालाई बुझाएको छ । एक जना कैदीलाई स्थानीयले नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालयलाई बुझाएको र १२ कैदी आफैं कारागारमा हाजिर भएका छन् ।

रामेछापस्थित जिल्ला कारागारमा कैदीले बाहिर जान पाउनुपर्ने भन्दै गरेको झडपलाई नियन्त्रणमा लिनका लागि सेनाले चलाएको गोली लग्दा १२ जना कैदी घाइते हुनुका साथै दुई जनाको मृत्यु भएको छ । त्यसैगरी, काभ्रेपलाञ्चोकको बनेपा-९ स्थित नयाँ बस्तीमा फेला परेको शंकास्पद बस्तु नेपाली सेनाले सुरक्षित साथ डिस्पोज गरेको छ । हालसम्म ९४ नाल विभिन्न हतियारहरू बरामद भएको सेनाले जानकारी दिएको छ ।



**धादिङ कारागार बाहिर सुरक्षाका लागि खटिएका नेपाली सेना ।** *तस्बिर: रासस*

### तनहुँ कारागारबाट फरार तीन कैदीबन्दी पक्राउ

तनहुँ कारागारबाट फरार भएकामध्ये तीन जना कैदीबन्दी पक्राउ परेका छन् । दुई जना कास्कीबाट र एक जना तनहुँबाट बुधबार पक्राउ परेका जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । मंगलबार राति ३२७ कैदीबन्दी यहाँबाट फरार भएका थिए । फरार भएका कैदीबन्दीको खोजतलास भइरहेको प्रहरी उपरीक्षक कार्कीले बताए ।

### रसुवा कारागारबाट भागेका ७२ कैदीबन्दी नियन्त्रणमा

रसुवा कारागार तोडफोड गरी फरार भएकामध्ये ७२ जना कैदीबन्दीलाई संयुक्त सुरक्षा फौजले बिहीबार नियन्त्रणमा लिएको छ । बुधबार बिहान कारागारको प्रवेशद्वार तोडफोड गरी फरार रहेका ९७ कैदीबन्दीमध्ये तीन विदेशीसमेत गरी ७२ जनालाई सुरक्षा अंगले नियन्त्रणमा लिएको हो ।

अन्य फरार कैदीको खोजी जारी रहेको रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले जानकारी दिए । न्यायालयबाट दोषी प्रमाणित भएका कुनै पनि व्यक्ति भाग्न नहुने र यसरी भागेमा थप सजाय हुने प्रावधान रहेको कारागार प्रशासनले जनाएको छ । कारागार शाखा रसुवाका जेलर कैलास देवकोटाका अनुसार नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीसमेतको संयुक्त सुरक्षा फौजले नियन्त्रणमा लिएका ७२ कैदीबन्दीमध्ये ६९ जना कारागार प्रवेश भइसकेका र तीन जना तत्कालका लागि सुरक्षा चौकीको नियन्त्रणमा छन् । फरार भएका कैदीको खोजी तीव्र पारिएको उनले बताए ।

### नख्खु कारागारबाट भागेका तीन जना धादिङबाट पक्राउ

बिहीबार ललितपुरस्थित नख्खु कारागारबाट भागेका तीन जनालाई धादिङको गल्छी बैरेनीबाट नियन्त्रणमा लिइएको छ । नेपाली सेनाले बिहीबार जेन-जी आन्दोलनका क्रममा भागेका सुर्खेतका ४८ वर्षीय लालबहादुर नेपाली, ४१ वर्षीय अमरबहादुर दमाई र बारा सिमराका २४ वर्षीय अनास राईलाई नियन्त्रणमा लिएको हो ।

धादिङको गजुरीस्थित भैरबनाथ गणका कर्णेल अशिम श्रेष्ठले लुकिछिपी भाग्दै गरेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए । पक्राउ परेका तीनै जना जबरजस्ती करणीको मुद्दामा सजाय भोगिरहेको खुलेको छ भने तीनै जनालाई प्रहरीको जिम्मा लगाइएको पनि उनले बताए ।

### बागलुङमा चार फरार कैदी पक्राउ

जिल्ला कारागार कास्की र जिल्ला कारागार म्याग्दीबाट भागेका ४ कैदीबन्दीलाई जिल्ला प्रहरी कार्यालय बागलुङले नियन्त्रणमा लिएको छ । कारागारबाट भागेर बागलुङ प्रवेश गर्दै गरेका उनीहरूलाई मालढुंगा चेकपोस्टबाट बुधबार नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक केशव थापाले जानकारी दिए । जिल्ला कारागार कास्कीबाट भागेका तीन जना र जिल्ला कारागार म्याग्दीबाट भागेका एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

### भारत भाग्दै गरेका छ कैदी समातिए

डडेलधुरा कारागारबाट भागेका छ कैदी बैतडीबाट समातिएका छन् । संयुक्त सुरक्षा टोलीले जिल्लाको पाटन नगरपालिका-१ सकारबाट उनीहरूलाई पक्राउ गरेको प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जानकारी दिए ।

भारततर्फ भागिरहेका भन्ने सूचनाका आधारमा संयुक्त सुरक्षा टोलीले उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा डोटी र अछाम घर भएका दुई/दुई र दार्चुला तथा बैतडी घर घएका एक/एक जना रहेका छन् । उनीहरू कर्तव्य ज्यान मुद्दा, जबर्जस्तीकरणी र चोरीसम्बन्धी मुद्दामा दोषी ठहर हुँदै जेल चलान भएका बताइएको छ ।

'जेन-जी'को प्रदर्शनका कारण बुधबार बिहानै डडेलधुरा कारागार तोडफोड गरेर कैदीबन्दी फरार भएका थिए । पक्राउ परेका सबैलाई डडेलधुरा प्रहरीको जिम्मा लगाउने तयारी भइरहेको प्रजिअ पौडेलले बताए । कारागारबाट कैदी भागेपछि संयुक्त सुरक्षा टोलीले उनीहरूलाई खोज्न 'अप्रेसन' चलाएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक दीपककुमार रायले बताए ।

### झापाबाट ९२ जना थुनुवा फरार

'जेन-जी' प्रदर्शनका क्रममा जिल्लाका विभिन्न इलाका प्रहरी कार्यालयको हिरासतबाट फरार भएका ९२ जना थुनुवाहरू अझै सम्पर्क नआएका जिल्ला प्रहरी कार्यालय झापाले जानकारी दिएको छ ।

यही भदौ २४ गते इलाका प्रहरी कार्यालय अनारमनीमा रहेका ३६, इलाका प्रहरी कार्यालय दमकका ५१ र झिलझिले इलाका प्रहरी कार्यालय पाँच गरी ९२ जना थुनुवा भगेका थिए । उनीहरू हालसम्म पनि सम्पर्क नआएकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता खगेन्द्रबहादुर खड्काले बताए ।

प्रदर्शनकारीले जिल्लाका दमक, विर्तामोड, झिलझिले र काँकडभिट्टा इलाका प्रहरी कार्यालयमा आजगनी र तोडफोड गरेका थिए । विर्तामोडस्थित इलाका प्रहरी कार्यालयमा आगजनी हुनुअघि प्रदर्शनकारीले नियन्त्रणमा लिएका हतियार सेनाले फिर्ता लिइसकेको छ ।

## भागेका कैदी तथा थुनुवा फर्कन थाले कारागार

**महोत्तरी (प्रस)–** गत मंगलबार साँझ 'जेन-जी' आन्दोलनको आडमा महोत्तरी कारागारबाट भागेका कैदी/थुनुवा फर्कन थालेका छन् । महोत्तरी कारागार प्रशासनले लहलहैमा भागेका कैदी/थुनुवालाई फर्कन अपिल गरेसँगै बुधबार राति तीन जना फर्केका कारागार कार्यालयका निमित्त प्रमुख रवीनचन्द्र ठाकुरले पुष्टि गरे ।

'बुधबार राति तीन जना कारागार आइपुगेका छन्,' ठाकुरले भने, 'अन्य कतिपयले फोन सम्पर्क गरी आउन लागेको बताएका छन् ।' भागेकामध्ये अधिकांश कैदी/थुनुवा फर्कने ठाकुरलाई विश्वास बढेको छ । आफूले बुधबार कार्यालयबाटै भागेका कैदी/थुनुवालाई फर्कन गरेको अपिलको सकारात्मक प्रभाव परेको उनको ठम्याइ छ । 'हामीले कैदी/थुनुवालाई तपाईंहरू फर्कनोस्, कुनै सर्त र थप कारबाही हुँदैन भनेर अपिल गर्‍यौं,' ठाकुर भन्छन्, 'त्यो अपिल सुने/पढेपछि उहाँहरूको मन फिरेको छ, तीन जना आइपुग्नुभयो, अन्य केहीले आउँदै छौं भन्नुभएको छ ।'

कारागार कार्यालयले बुधबार विज्ञप्ति जारी गर्दै भागेका कैदी/थुनुवालाई भागेबापत कुनै सजाय नगरिने जनाउँदै २४ घण्टाभित्र आइपुग्न अपिल गरेको थियो । सो अपिलमै स्वेच्छाले नफर्कनेको हकमा खोजी गरेर भेट्टाइँदा थप सजाय गरिने उल्लेख गरिएको थियो ।

यसैगरी, मंगलबार साँझ जेन-जी आन्दोलनको आडमा कारागार भत्काएर भागेका ५७६ जनामध्ये भारतिर पस्ने क्रममा १० जना भारतीय पुलिसको नियन्त्रण रहेका खबर फैलिएको छ । यसबारे जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको समन्वयमा सीमावर्ती भारतीय सुरक्षाकर्मीसँग बुझेर आवश्यक प्रक्रिया अघि बढाइने कारागार प्रमुख ठाकुरको भनाइ छ ।

# उपत्यकामा निषेधाज्ञा तथा कफर्च्यु निरन्तर

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो सुरक्षा परिस्थितिको विश्लेषणका आधारमा नागरिकको जनधनको सुरक्षाका लागि भन्दै काठमाडौं उपत्यकामा निषेधाज्ञा तथा कफर्चुलाई निरन्तरता दिइएको छ ।

नेपाली सेनाले बिहीबार विज्ञप्तिमार्फत निषेधाज्ञा तथा कफर्चु आदेशलाई निरन्तरता दिनुपर्ने आवश्यकता देखिएको उल्लेख गर्दै काठमाडौं, ललितपुर र भक्तपुरका जिल्ला सुरक्षा समितिहरूबाट सो व्यवस्था गरिएको जानकारी दिएको छ । जारी विज्ञप्तिमा भदौ २७ गते बिहान ११ बजेदेखि बेलुकी ५ बजेसम्म निषेधाज्ञा र भदौ २७ गते बेलुकी ७ बजेदेखि भदौ २८ गते विहान ६ बजेसम्म कफर्चुलाई निरन्तरता दिइएको उल्लेख छ ।

यसैगरी अत्यावश्यक कार्यका लागि आवतजावत गर्न भदौ २७ गते विहान ६ बजेदेखि ११ बजेसम्म र बेलुकी ५ बजेदेखि ७ बजेसम्म निर्धारण



गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जानकारी दिएको छ ।

निषेधाज्ञा तथा कफर्चुको दौरानसमेत अत्यावश्यक सेवाका (एम्बुलेन्स, शववाहन, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीका साथै, खाद्यान्न, ग्यासलगायतको इन्धन, दूध, तरकारी, पानी, सञ्चारप्रदायक कम्पनी र औषधि ओसारपसार गर्ने) सवारी साधनहरू सञ्चालन गर्न सकिने छ ।

विभिन्न सरकारी कार्यालय, राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी, बैंक तथा वित्तीय संस्थालगायतका सार्वजनिक संस्थानहरूमा कार्यरत कर्मचारीहरूले आफ्नो सक्कल परिचयपत्र (डिजिटलबाहेक) देखाई कार्यालयसम्म आवतजावत गर्न सकिने विज्ञप्तिमा जनाइएको छ ।

यस्तै आन्तरिक र अन्तर्राष्ट्रिय उडानका यात्रुहरूले आफ्नो उडानको टिकट देखाएर विमानस्थलसम्म आवतजावत गर्न सक्ने छन् भने आवश्यक सहजताका लागि नजिकमा रहेका सुरक्षाकर्मीहरूसँग समन्वय गर्न सेनाले सबैमा अनुरोध गरेको छ । काठमाडौं उपत्यका बाहिरको हकमा सम्बन्धित जिल्लाको सुरक्षा परिस्थितिअनुरूप जिल्ला सुरक्षा समितिबाट निर्णय र समन्वय गरिएबमोजिम हुने उल्लेख छ । जस्तोसुकै परिस्थितिमा पनि आम नेपालीहरूको सुरक्षा र मानवीय उद्धारमा प्रतिबद्ध रही जिम्मेवारी निर्वाहमा सक्रिय सुरक्षाकर्मीहरूलाई सहयोग पुऱ्याउन सबैमा अपिल गरिएको छ ।

अत्यावश्यक कार्यका लागि आवतजावत गर्न सकिने भनी छुट्याइएको समय अत्यावश्यक सामग्री किनमेल एवं धार्मिक-सांस्कृतिक परम्परा अवलम्बनका लागि हिँड्डुल गर्न, कर्मचारीहरू आफ्नो कार्यस्थलसम्म जान र फर्कनलगायतका जरुरी कामका लागि भएकाले उक्त समयमासमेत जुलुस, धर्ना, प्रदर्शनलगायतका गतिविधिहरू गर्न पूर्णतः निषेध गरिएको विज्ञप्तिमा उल्लेख छ ।

# हिंसामा महिला

**गलकोट (बागलुङ)–** केही समय पहिले अत्यधिक ज्वरो आयो भनेर उपचारका लागि अस्पताल आएकी एक १३ वर्षीया बालिकाले असुरक्षित गर्भपतन गरेको पाइयो । यो कुरा परिवारलाई जानकारी नै थिएन । धौलागिरी प्रादेशिक अस्पताल बागलुङकी निमित्त मेडिकल सुपरिटेण्डेण्ट अमिट ढुंगाना भन्छिन्, ‘उनले आफ्ना प्रेमीसँग मिलेर असुरक्षित गर्भपतन गराएकी रहिछन् । लामो समयको मनोपरामर्शपछि स्वास्थ्यकर्मीलाई बताउँदा स्वास्थ्यमा गम्भीर समस्या भइसकेको थियो ।’

अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्रले यस्तै समस्या लिएर आउनेहरूलाई मनोपरामर्श, उपचार र पुनर्स्थापनाको काम गर्दै आएको छ । पेट दुख्यो, ज्वरो आयो भन्दै अस्पताल आउनेहरूको उपचारका क्रममा श्रीमान्, घरपरिवार र प्रेमीबाट हिंसामा परेको खुल्ने गरेको डा. ढुंगानाको भनाइ छ । यसरी हिंसामा पर्नेमा अधिकांश दलित समुदायका महिला छन् ।

अस्पतालले आर्थिक वर्ष २०७९/८० मा १०६ जना हिंसापीडित महिलाको उपचार गरेको छ । जसमध्ये २८ जना बलात्कारमा परेका थिए भने १० जना शारीरिक र ४० जना मानसिकरूपमा समस्यामा रहेको तथ्यांक छ । यस्तै, आव २०८०/८१ मा पनि १०६ जना हिंसापीडित महिला उपचारका लागि आएका थिए । तीमध्ये ११ जना बलात्कार, १८ जना शारीरिक र ५५ जना मानसिक स्वास्थ्यसम्बन्धी उपचारका लागि आएका थिए । आव ०८१/८२ मा उपचारमा आएका ७६ जना महिलामध्ये १९ जना बलात्कार, ३४ शारीरिक र १५ जना मानसिक समस्या भोगेकाहरू थिए ।

महिलामात्र होइन, उपचार गर्न आउनेमा हिंसामा परेका पुरुष पनि छन् । आव २०७९/८० मा १६, २०८०/८१ मा १६ र २०८१/८२ मा १२ जना हिंसापीडित पुरुषको उपचार गरिएको तथ्यांक छ । उमेर समूहअनुसार सबैभन्दा बढी हिंसामा पर्ने १९ देखि ४९ वर्षका रहेका संकट व्यवस्थापन केन्द्रकी प्रमुख परामर्शदाता देवी भट्टराईले जानकारी दिइन् ।

संकट व्यवस्थापन केन्द्रबाट लैंगिक हिंसापीडित र प्रभावितका लागि निःशुल्क स्वास्थ्य उपचार र परामर्श सेवा प्रदान हुँदै आएको भन्दै उनले यसबारे जानकारी नहुँदा धेरै पीडित नागरिक सेवाबाट वञ्चित रहेको बताइन् ।

## Sindhu Jwala Hydropower Limited

### Upper Nyasem Khola Hydroelectric Project (43 Mw)/ Upper Nyasem Khola-A Hydroelectric Project (21 Mw)

## Invitation For Bids

**Invitation for Bids for the "the Lot 4: Transmission Line Works"**
**(Design, Supply, Installation, Testing and Commissioning of UNKHEP – Pangtang S/S 132 kV Double Circuit Transmission Line and associated Substations at Pangtang S/S )**
**(Contract Identification No.: SJHL/UNKHEP/081/082/L-4TL-01)**

**(Latest date of Publication of Notice: 2025/09/12)**

1. Sindhu Jwala Hydropower Limited (SJHL), the "Employer", is a Company promoted by various experts and well reputed personalities of Nepalese power sector. SJHL is currently in the process of developing a ROR hydropower project called Upper Nyasem Khola Hydroelectric Project (UNKHP) of installed capacity 43 MW and Upper Nyasem Khola-A Hydroelectric Project (UNK-AHP) of installed capacity 21 MW at Nyasem river of Sindhupalchowk district. It is intended that the part of the proceeds of these resources will be applied to eligible payments under the contract for which this Invitation to Tender is issued.
2. **Information to deposit the cost of the bidding document in the Bank:**
   **Cost of Bidding Documents: NRs. 10,000/- (Rupees Ten thousand only).**
   **Name of the Bank: Prabhu Bank, Sindhu Jwala Hydropower Limited,**
3. **Last Date and Time for Submission of Bidding Documents: 31st day of First Notice Publication till on 12:00 hours**
4. Sindhu Jwala Hydropower Limited invites sealed bids from eligible bidders for the Lot 4: Transmission Line Works (Design, Supply, Installation, Testing and Commissioning of UNKHEP – Pangtang S/S 132 kV Double Circuit Transmission Line and associated Substations at Pangtang S/S), Contract Identification No.: **SJHL/UNKHEP/081/082/L-4TL-01**, through Plant and Design-Build (DB) mode under **International Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.**
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Work experience of similar size and nature:
   3.1 **Participation as Prime contractor or joint venture partner, in at least one EPC/Turnkey/DB Contract within the last ten (10) years, with a value of at least equivalent US $ 12,000,000.00 (In Words: USD Twelve Million Only) that have been successfully or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section VI, Employer's Requirements.**
   3.2 **Complete design and manufacture inhouse (must have facility of Structural model testing for Towers), supply, erection, testing and commissioning Transmission line including:**
      i. Complete design, manufacture, supply, erection, testing and commissioning of 132 kV D/C Transmission line or higher capacity that has been in successful operation for at least 2 years as of bid submission deadline.
      ii. Complete design, manufacture, supply, erection, testing and commissioning of Transmission line of at least one (1) Hydro Plant Control system with minimum capacity 40 MW including SCADA and Telemetry that have been successfully in operation for at least 2 years as of bid submission deadline.
5. **Lot 4: Transmission Line Works (Design, Manufacture, Supply, Installation, Testing and commissioning of Transmission line Equipment) must be of International Standard Manufacturer and Deferred payment modality.**
6. **Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 fiscal years: US $20,000,000.00**
7. **Able to demonstrate adequate Manpower and Equipment to be used for the Project.**
8. The amount of Bank Guarantee may be subject to increase or decrease as per the decision of the Board of Directors.
9. Bid Proposal including financial and technical proposal shall be sealed in separate envelopes marking "Financial proposal" & "Technical proposal" respectively in each and submitted to Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal on date and time mentioned in table above. One (1) set of original and one (1) set of duplicate bid document (of each technical and financial) shall be submitted.
10. Bids shall be opened as mentioned in the table above at the office of Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal in the presence of Bidders' representatives, if any. The technical proposal will be opened first and financial proposal of only those bidders will be opened whose technical proposal will qualify. Bids must be valid for a period of 120 days counting from the day of Bid opening and must be accompanied by Bid security, amounting to 5% of bidding amount (NRS) which shall be valid for minimum 30 days beyond the Bid validity period in favor of Sindhu Jwala Hydropower Limited.
11. If any information/data provided in the Submitted Bid is unclear, illegible or not substantiated by supporting document, such information/data shall not be taken into account for qualification.
12. If the last date of Bid submission/opening falls on a Government holiday, the same time of next working day shall be considered for such events.
13. Pre-bid meeting will be held at 14:00 hours on 2025/12/02 at Employer's office in Tinkune-32, Kathmandu. Attendance is strongly advised to all the qualified bidders.
14. SJHL reserves the right to accept or reject any Bid, partly or wholly, or cancel the Bid altogether, at any time prior to Contract award, without thereby incurring any liability to the affected Bidder or Bidders and without assigning any reason whatsoever.
15. Eligible Bidders may obtain further information at the office of Sindhu Jwala Hydropower Limited, Tinkune-32, Kathmandu, Nepal.

**Address:**

**Sindhu Jwala Hydropower Limited**
Tinkune-32, Kathmandu, Phone: 01-4245184
E-mail: sindhujwalahydropower@gmail.com, info@sindhuhydro.com

## Sindhu Jwala Hydropower Limited

### Upper Nyasem Khola Hydroelectric Project (43 Mw)/ Upper Nyasem Khola-A Hydroelectric Project (21 Mw)

## Invitation For Bids

**(National Competitive Bidding)**
**Lot 1: Construction of Civil Works**
**(Contract Identification No.: SJHL/UNKHEP/081/082/CW-01)**
**(Latest date of Publication of Notice: 2025/09/12)**

1. Sindhu Jwala Hydropower Limited (SJHL), the "Employer", is a Company promoted by various experts and well reputed personalities of Nepalese power sector. SJHL is currently in the process of developing a ROR hydropower project called Upper Nyasem Khola Hydroelectric Project (UNKHP) of installed capacity 43 MW and Upper Nyasem Khola-A Hydroelectric Project (UNK-AHP) of installed capacity 21 MW at Nyasem river of Sindhupalchowk district. It is intended that the part of the proceeds of these resources will be applied to eligible payments under the contract for which this Invitation to Tender is issued
2. The Employer invites, sealed Bids (double envelope) from eligible Bidders for the work as mentioned in table below:

| Tender No | Description of Works | Last date of purchasing of bidding document | Last Date and Time for Submission of Bidding Documents | Date for Opening Bidding Documents | Bid Document Price (NRs) | Bank Voucher Detail |
|---|---|---|---|---|---|---|
| Tender No: SJHL/ UNKHEP/ 081/082/ CW-01) Sindhupalchok | Construction of Civil Works of (UNK-AHP) 21 MW & (UNKHP) 43 MW | Within 30 days of First Notice Publication till 5:00 hours | 31st day of First Notice Publication till on 12:00 hours | 31st day of First Notice Publication till on 14:00 hours | 10,000/- | Account No. |

3. Sindhu Jwala Hydropower Limited invites sealed bids from eligible bidders for the construction of Headworks under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 5,00,00,00,000.00
   • Minimum Work experience of similar size and nature: NRs. 10,00,00,00,000.00
4. Eligible Bidders may obtain the complete set of Bid Document from Sindhu Jwala Hydropower Limited, Tinkune-32, Kathmandu, Nepal during office hours on submission of a written application accompanied by notarized copies of 1) Firm Registration Certificate, 2) VAT Registration Certificate, 3) Tax Clearance Certificate and 4) Bank Voucher evidencing the deposit of non-refundable cash amount as mentioned in table above.
5. The number of partners in Joint Venture is limited to two (2). The share of lead partner shall not be less than 51%.
6. Bid Proposal including financial and technical proposal shall be sealed in separate envelopes marking "Financial proposal" & "Technical proposal" respectively in each and submitted to Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal on date and time mentioned in table above. One (1) set of original and one (1) set of duplicate bid document (of each technical and financial) shall be submitted. Documents received after this deadline and timeline shall not be accepted.
7. The amount of Bank Guarantee may be subject to increase or decrease as per the decision of the Board of Directors.
8. Bids shall be opened as mentioned in the table above at the office of Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal in the presence of Bidders' representatives, if any. The technical proposal will be opened first and financial proposal of only those bidders will be opened whose technical proposal will qualify. Bids must be valid for a period of 120 days counting from the day of Bid opening and must be accompanied by Bid security, amounting to 5% of bidding amount (NRS) which shall be valid for minimum 30 days beyond the Bid validity period in favor of Sindhu Jwala Hydropower Limited.
9. If any information/data provided in the Submitted Bid is unclear, illegible or not substantiated by supporting document, such information/data shall not be taken into account for qualification.
10. If the last date of Bid submission/opening falls on a Government holiday, the same time of next working day shall be considered for such events.
11. Pre-bid meeting will be held at 14:00 hours on **2025/10/02** at Employer's office in Tinkune-32, Kathmandu. Attendance is strongly advised to all the qualified bidders.
12. It is recommended that bidders familiarize themselves with the local conditions and visit the project site. Costs incurred for preparation of bid documents and the site visit will be solely at the expenses of bidders.
13. SJHL reserves the right to accept or reject any Bid, partly or wholly, or cancel the Bid altogether, at any time prior to Contract award, without thereby incurring any liability to the affected Bidder or Bidders and without assigning any reason whatsoever.
14. Eligible Bidders may obtain further information at the office of Sindhu Jwala Hydropower Limited, Tinkune-32, Kathmandu, Nepal.

**Address:**

**Sindhu Jwala Hydropower Limited**
Tinkune-32, Kathmandu, Phone: 01-4245184
E-mail: sindhujwalahydropower@gmail.com, info@sindhuhydro.com

# अमेरिकी भिसा सुधारविना कोरियाली लगानीमा हिचकिचाहट : राष्ट्रपति ली



**सियोल–** दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले संयुक्त राज्य अमेरिकाले कोरियाली कामदारहरूका लागि भिसा प्रणाली सुधार गर्न नसके कोरियाली कम्पनीहरूले त्यहाँ लगानी गर्न वा हालको लगानीलाई निरन्तरता दिन हिचकिचाउने चेतावनी दिएका छन् ।

आफ्नो कार्यकालको १०० दिन पूरा भएको अवसरमा आयोजित पत्रकार सम्मेलनमा उनले सेप्टेम्बर ४ मा जर्जियामा भएको आप्रवासन छापामारीबारे पनि प्रस्टचाए । सो घटनामा हचुण्डाईको निर्माणाधीन ब्याट्री कारखानामा काम गर्ने ३०० भन्दा बढी कोरियाली कामदार पक्राउ परेका थिए । लीका अनुसार वार्तापछि ती कामदारहरूलाई चार्टर विमानमार्फत शुक्रबार स्वदेश फर्काइने तयारी गरिएको छ ।

छापामारीपछि दक्षिण कोरियामा व्यापक आक्रोश चर्किएको छ । अमेरिकी अधिकारीहरूले केही कामदारलाई जञ्जिरले बाँधिएको भिडियो सार्वजनिक गरेपछि विश्वासघातको भावना बढेको थियो । यो कदम राष्ट्रपति डोनाल्ड ट्रम्प र लीबीचको शिखर बैठकको दुई साताभन्दा कम समयमा आएको हो । त्यही बेला सियोलले अमेरिकी उच्च करबाट छुट पाएको थियो र तीन खर्ब ५० अर्ब डलर बराबरको नयाँ लगानी गर्ने वाचा गरेको थियो ।

सत्तारूढ र विपक्षी दुवै सांसदहरूले छापामारीलाई अपमानजनक भनेका छन् । प्रमुख पत्रिकाले यसलाई 'खरायोको सिकार' भन्दै आलोचना गरेको छ ।

लीले भने, 'यो दीर्घकालीन कामदारहरूको विषय होइन । कारखाना निर्माण वा उपकरण जडानका लागि छोटो अवधिका टेक्निसियनहरू आवश्यक हुन्छन् । तर अमेरिकाले आफ्नै जनशक्ति नभएको अवस्थामा पनि हामीलाई आवश्यक भिसा दिन अस्वीकार गर्छ । यस्तो भएमा हाम्रो कम्पनीहरूलाई त्यहाँ लगानी गर्न गाह्रो हुन्छ ।'

उनका अनुसार छापामारीले दुई देशबीच आप्रवासनसम्बन्धी 'सांस्कृतिक भिन्नता' देखाएको छ । उनले उदाहरण दिँदै भने, 'दक्षिण कोरियामा अमेरिकीहरू पर्यटक भिसामा आएर निजी ऋचाम स्कुलहरूमा अंग्रेजी पढाउँछन्, हामी यसलाई समस्या मान्दैनौं । तर अमेरिकाले त्यस्तो सहन सक्दैन ।'

वासिङ्टनमा अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँगको भेटपछि दक्षिण कोरियाली विदेशमन्त्री चो हचुनले हिरासतमा परेकाहरूलाई आफ्ना काम पूरा गर्न अनुमति दिने सहमति भएको बताए । साथै नयाँ भिसा कोटाबारे छलफल गर्न संयुक्त कार्य समूह गठन गर्ने निर्णय भएको छ । चोले चेतावनी दिए, 'यदि भिसा समस्याको समाधान भएन भने अझ धेरै कोरियाली कामदार भविष्यमा पनि यस्तै धरपकडको जोखिममा पर्न सक्छन् ।'

जर्जियाको ब्याट्री प्लान्ट त्यस्ता २० भन्दा बढी औद्योगिक परियोजनामध्ये एक हो जुन कोरियाली कम्पनीहरूले अमेरिकामा निर्माण गरिरहेका छन् । यसमा टेक्सासको सेमिकण्डक्टर कारखाना र फिलाडेल्फियाको जहाज निर्माण परियोजना पनि पर्छन्, जसलाई राष्ट्रपति ट्रम्पले बारम्बार कोरिया-अमेरिका साझेदारीका उदाहरणका रूपमा प्रस्तुत गरेका छन् ।

दक्षिण कोरियाली विज्ञ मिन जियोङ्घुनका अनुसार, समाधानको जिम्मा मुख्यतया अमेरिकाकै हातमा छ । कानुनी व्यवस्था वा छोटो अवधिका कार्य भिसा विस्तारमार्फत मात्र समस्याको निकास सम्भव हुन्छ । उनले भने, 'यदि भिसा नीतिमा अद्यावधिक भएन भने कोरियाली कम्पनीहरूले आफ्ना कामदार पठाउन सक्दैनन्, जसले अमेरिकी उद्योग विस्तारमा ढिलाइ ल्याउने छ र त्यसको प्रत्यक्ष हानि अमेरिकी अर्थतन्त्रलाई हुनेछ ।' *रासस/एपी*

# चीन-अमेरिका वार्ता: सी-ट्रम्प भेटतर्फको सानो तर महत्त्वपूर्ण संकेत



**बेइजिङ–** संयुक्त राज्य अमेरिका र चीनका शीर्ष कूटनीतिज्ञ तथा रक्षा प्रमुखबीचको वार्ताले दुई देशका नेताहरूबीच सम्भावित भेटवार्तातर्फ 'सानो तर महत्त्वपूर्ण कदम' को संकेत दिएको विश्लेषकहरूको भनाइ छ । तर उनीहरूले आसन्न शिखर सम्मेलनबारे अत्यधिक अपेक्षा नगर्न चेतावनी पनि दिएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच अन्तिम भेट सन् २०१९ मा भएको थियो । यसपटकको सम्भावित भेटतर्फ सबैको ध्यान ताइवान, दक्षिण चीन सागर र अमेरिकी कर जस्ता संवेदनशील विषयमा केन्द्रित हुने छ ।

यस वर्ष दुई ठूला अर्थतन्त्रबीचको तनाव चर्किएको भए पनि अप्रिलपछि दुवैले एकअर्काको निर्यातमा बढ्दो कर लगाएका कारण केही चिसिएको देखिएको छ । ट्रम्प र सीले अन्तिमपटक जुनमा टेलिफोनमा कुरा गरेका थिए । अगस्टमा ट्रम्पले यस वर्ष वा केही समयपछि चीन भ्रमण गर्ने संकेत दिएका थिए । तर सीले यसबारे सार्वजनिक टिप्पणी गरेका छैनन् ।

यसैबीच, बुधबार दुई देशका विदेश र रक्षा प्रमुखबीच भएको वार्ताले नेताहरूबीच प्रत्यक्ष भेटवार्ताको आशा थपेको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले चिनियाँ समकक्षी वाङ यीसँगको टेलिफोन वार्तामा चीनसँग 'रचनात्मक र खुला संवाद' चाहेको बताएका थिए ।

चिनियाँ विदेश मन्त्रालयले पनि वार्ता फलदायी भएको बताउँदै, तर अमेरिकी पक्षका पछिल्ला नकारात्मक कार्य र भनाइहरूले चीनका वैध अधिकार र चासो कमजोर पारेको चेतावनी दिएको छ ।

सिंगापुरका नान्याङ टेक्नोलोजिकल युनिभर्सिटीका एसोसिएट प्रोफेसर डिलन लोहले भने, 'यो वार्ता अघिल्ला संवाद र व्यापार सम्झौताहरूको निरन्तरता हो । सकारात्मक संकेत देखिन्छ, तर अझै धेरै कदम चाल्न बाँकी छ ।'

## अनिश्चितता अझै कायम

यही दिन चिनियाँ रक्षामन्त्रीले पेन्टागन प्रमुख पिट हेग्सेथलाई भिडियो कलमार्फत चेतावनी दिँदै भने, 'चीनलाई रोक्न वा हस्तक्षेप गर्न खोज्नु व्यर्थ हुने छ ।'

सिंगापुर नेसनल युनिभर्सिटीका राजनीति विज्ञ चोङ जा इयानले यी संवादले 'ट्रम्प-सी भेटको मार्गप्रशस्त गर्न सक्छन्' भने पनि कुनै ठोस नतिजा अझै प्रस्ट नभएको बताए । 'राष्ट्रपतिहरू चाँडै निर्णय बदल्ने स्वभावका हुन्छन्, त्यसैले भेट नजिकै छ भनेर भविष्यवाणी गर्नु अपरिपक्व हुन सक्छ,' उनले भने ।

यी वार्ताहरू केही दिनअघिमात्रै सीले भ्लादिमिर पुटिन र किम जोङ उनसँगै दोस्रो विश्वयुद्धको अन्त्यलाई चित्रित गर्ने परेडको अध्यक्षता गरेपछि भएका हुन् । ट्रम्पले भने ती नेताहरूलाई अमेरिकाविरुद्ध षडयन्त्र रचेको आरोप लगाएका छन् । जापानको सोका विश्वविद्यालयका प्राध्यापक लिम ताई वेईका अनुसार चीनको प्रणालीले कुनै पनि शिखर सम्मेलनमा अनपेक्षित मोड आउन दिँदैन । सी ट्रम्पसँग भेट्न तयार भए भने त्यसअघि सहमत विषयहरूको लिखित सूची चाहिन्छ ।

'अक्टोबरको अन्त्य वा नोभेम्बरको सुरुआतमा दक्षिण कोरियाको ग्योङ्जुमा हुने एपेक शिखर सम्मेलनमा दुई नेताबीच भेट हुने अपेक्षा कायम छ,' विश्लेषक लोहले भने, 'तर विश्व राजनीति र आन्तरिक परिस्थितिहरू द्रुत गतिमा बदलिने भएकाले अन्तिम घडीमा केही भन्न सकिँदैन ।' *रासस/एएफपी*

# उत्तर कोरियाकी किम जु ए 'मान्यताप्राप्त उत्तराधिकारी'

**सियोल–** दक्षिण कोरियाको जासुसी एजेन्सीले बिहीबार उत्तर कोरियाली नेता किम जोङ उनकी छोरी किम जु एलाई उनको औपचारिक उत्तराधिकारीका रूपमा मान्यता दिएको जनाएको छ । जु ए हालै बेइजिङको उच्चस्तरीय भ्रमणमा आफ्नो बुबासँग सहभागी भएकी थिइन् ।

यो भ्रमणमा उनले चीनका राष्ट्रपति सी चिनफिङ र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेटिन् । यसरी पहिलो आधिकारिक विदेश भ्रमण गर्दा किशोरी जु एले यस महिनाको सुरुमा अन्तर राष्ट्रिय ध्यान तानेकी थिइन् ।

विश्लेषकहरूले लामो समयदेखि उनलाई सम्भावित उत्तराधिकारीका रूपमा हेरिरहेका छन् । तर केहीले उनको जेठो दाजुलाई पनि गोप्यरूपमा सत्ताका लागि तयार पारिएको हुन सक्ने संकेत दिएका थिए । 'जु एले सम्भावित उत्तराधिकारीका रूपमा आफ्नो स्थिति बलियो बनाउन पर्याप्त 'क्रान्तिकारी कथा' सुरक्षित गरेकी छन्,' दक्षिण कोरियाली सांसद ली सेओङ-क्वेन भने, 'चीन भ्रमणमा उनको सहभागिता पनि त्यही उत्तराधिकार कथाको अंश हो ।'

जु ए सन् २०२२ मा पहिलोपटक सार्वजनिकरूपमा देखिएकी थिइन् । त्यतिबेला उनले बुबासँग अन्तरमहाद्वीपीय ब्यालेस्टिक मिसाइल प्रक्षेपण अवलोकन गरेकी थिइन् । त्यसपछि उत्तर कोरियाली राज्य मिडियाले उनलाई 'प्रिय बच्चा' र 'मार्गदर्शन गर्ने महान व्यक्ति' भनेर उल्लेख गर्न थाल्यो । यी शब्दहरू सामान्यतया शीर्ष नेताहरू र तिनका उत्तराधिकारीका लागिमात्र प्रयोग गरिन्छ ।

यसअघि उनको अस्तित्वको पुष्टिमात्र सन् २०१३ मा उत्तर कोरिया भ्रमण गरेका पूर्वएनबिए स्टार डेनिस रोडम्यानले गरेका थिए । उनले किम जोङ उनसँग भेट्दा जु एलाई भेटेको दाबी गरेका थिए ।

सियोलले सुरुआतमा किम र उनकी पत्नी रीले सन् २०१० मा पहिलो सन्तानका रूपमा पत्रुलाई जन्म दिएकी र जु ए दोस्रो सन्तान भएको संकेत गरेका थिए । तर सन् २०२३ मा दक्षिण कोरियाली एकीकरण मन्त्रीले किमको छोरा भएको विषयमा 'निश्चित पुष्टि गर्न नसकिएको' बताएका थिए ।

किम जोङ उन सन् २०११ मा आफ्नो बुबाको निधनपछि सत्तामा आए र उनले चारपटकको आणविक परीक्षण गराएका छन्, जसको पछिल्लो परीक्षण सन् २०१७ मा भएको थियो । सांसद लीका अनुसार, जु एबाहेक किमको अर्को सन्तानबारे भएका अफवाहहरू (चाहे अपांगता भएको वा विदेशमा अध्ययनरत रहेको) 'विश्वसनीय छैनन् ।'

लीले भने, 'विशेषगरी विदेश अध्ययनबारे कुरा हो भने, यस्तो कुरा लुकाउन खोजे पनि अनिवार्यरूपमा थाहा हुन्छ । त्यसैले यो सम्भावना निकै कम छ ।' *रासस/एएफपी*


## Sindhu Jwala Hydropower Limited

**Upper Nyasem Khola Hydroelectric Project (43 Mw)/ Upper Nyasem Khola-A Hydroelectric Project (21 Mw)**

## Invitation For Bids

**Invitation for Bids for the "the Lot 2: Hydromechanical Works"
Design, Manufacture, Supply, (From Factory to Project Site), Internal Handling. Loading, Unloading, Storage, Laying, Erection, Testing, and Commissioning of Hydromechanical Works with Painting all complete Package
(Contract Identification No.: SJHL/UNKHEP/081/082/L-2HM-01)
(Latest date of Publication of Notice: 2025/09/12)**

1. Sindhu Jwala Hydropower Limited (SJHL), the "Employer", is a Company promoted by various experts and well reputed personalities of Nepalese power sector. SJHL is currently in the process of developing a ROR hydropower project called Upper Nyasem Khola Hydroelectric Project (UNKHP) of installed capacity 43 MW and Upper Nyasem Khola-A Hydroelectric Project (UNK-AHP) of installed capacity 21 MW at Nyasem river of Sindhupalchowk district. It is intended that the part of the proceeds of these resources will be applied to eligible payments under the contract for which this Invitation to Tender is issued.
2. Information to deposit the cost of the bidding document in the Bank:
   **Cost of Bidding Documents: NRs. 10,000/- (Rupees Ten thousand only).**
   Name of the Bank: Prabhu Bank, Sindhu Jwala Hydropower Limited,
3. Last Date and Time for Submission of Bidding Documents: 31st day of First Notice Publication till on 12:00 hours
4. Sindhu Jwala Hydropower Limited invites sealed bids from eligible bidders for the Lot 2: Hydromechanical Works (Design, Manufacture, Supply, (From Factory to Project Site), Internal Handling. Loading, Unloading, Storage, Laying, Erection, Testing, and Commissioning of Hydromechanical Works with Painting all complete Package), Contract Identification No.: SJHL/UNKHEP/081/082/L-2HM-01, through Plant and Design-Build (DB) mode under International Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Work experience of similar size and nature:
   3.1 Participation as Prime contractor or joint venture partner, in at least one EPC/Turnkey/DB Contract within the last ten (10) years, with a value of at least equivalent US $ 20,200,000.00 (In Words: USD Twenty Million and Two Hundred Thousand Only) that have been successfully or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section VI, Employer's Requirements.
   3.2 Complete design and manufacture inhouse (must have facility of hydraulic model testing and CFD modeling for penstock pipes), supply, erection, testing and commissioning of Hydro Project including:
   i. The Contractor/supplier must have proven track record in supplying/installing penstocks of large-diameter, thick-walled penstock, high-yield strength steel (e.g., X80 or high-strength steel) modular fabrication for high-head (≥ 800m) hydro projects that has been in successful operation for at least two (2) years as of bid submission deadline.
   ii. The Contractor/supplier must demonstrate proven experience in similar projects and adhere to international standards to ensure long-term reliability.
   iii. Complete design, manufacture, supply, erection, testing and commissioning of one (1) Hydro Plant of high-head (≥ 800m) hydro project and of similar project that has been in successful operation for at least two (2) years as of bid submission deadline.
5. Lot 2: Hydromechanical Works (Design, Manufacture, Supply, (From Factory to Project Site), Internal Handling. Loading, Unloading, Storage, Laying, Erection, Testing, and Commissioning of Hydromechanical Works with Painting all complete Package) must be of International Standard Manufacturer and Deferred payment modality.
6. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 fiscal years: US $ 50,300,000.00
7. The amount of Bank Guarantee may be subject to increase or decrease as per the decision of the Board of Directors.Able to demonstrate adequate Manpower and Equipment to be used for the Project.
8. Bid Proposal including financial and technical proposal shall be sealed in separate envelopes marking "Financial proposal" & "Technical proposal" respectively in each and submitted to Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal on date and time mentioned in table above. One (1) set of original and one (1) set of duplicate bid document (of each technical and financial) shall be submitted.
9. Bids shall be opened as mentioned in the table above at the office of Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal in the presence of Bidders' representatives, if any. The technical proposal will be opened first and financial proposal of only those bidders will be opened whose technical proposal will qualify. Bids must be valid for a period of 120 days counting from the day of Bid opening and must be accompanied by Bid security, amounting to 5% of bidding amount (NRS) which shall be valid for minimum 30 days beyond the Bid validity period in favor of Sindhu Jwala Hydropower Limited.
10. If any information/data provided in the Submitted Bid is unclear, illegible or not substantiated by supporting document, such information/data shall not be taken into account for qualification.
11. If the last date of Bid submission/opening falls on a Government holiday, the same time of next working day shall be considered for such events.
12. Pre-bid meeting will be held at 14:00 hours on 2025/10/02 at Employer's office in Tinkune-32, Kathmandu. Attendance is strongly advised to all the qualified bidders.
13. SJHL reserves the right to accept or reject any Bid, partly or wholly, or cancel the Bid altogether, at any time prior to Contract award, without thereby incurring any liability to the affected Bidder or Bidders and without assigning any reason whatsoever.
14. Eligible Bidders may obtain further information at the office of Sindhu Jwala Hydropower Limited, Tinkune-32, Kathmandu, Nepal.

**Address:**
**Sindhu Jwala Hydropower Limited**
Tinkune-32, Kathmandu, Phone: 01-4245184
E-mail: sindhujwalahydropower@gmail.com, info@sindhuhydro.com



## कुवेत रोजगार
कम्पनी : TURKI AL DABBOUS & SONS FOR BUILDING MATERIALS TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ | LT. No. 330865 | चलानी नं. ६०२४४६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 95 | ४४,०१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Driver /Driver | 50 | 0 | 150 | ६४,८३६ | | | | | | | |
| 3 | Mechine Operator | 50 | 0 | 160 | ७४,१२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ०३ गते (19th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np



## युएइमा रोजगार
कम्पनी : HONESTY AND PERFECTION CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ | LT. No. 330943 | चलानी नं. ६०२४४६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 30 | 0 | 1000 | ३८,५०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ०३ गते (19th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 459364
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २१४२०० | प्रति तोला – ० | प्रति तोला – २५०५ |



**पर्यटकीय मार्फा गाउँ** | मुस्ताङको घरपफ्कोङ गाउँपालिका–५ स्थित जोमसोमदेखि चिमाङ जोड्ने रिङरोडबाट बिहीबार बिहान देखिएको प्रमुख पर्यटकीय स्थल मार्फा गाउँ, हरियाली स्याउबारीसहित आसपासका क्षेत्र। सडक सञ्जालको पहुँच पुगेसँगै मुस्ताङको मार्फालगायत धेरै जस्तो गाउँहरू मुस्ताङ घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको लागि उपयुक्त पर्यटकीय गन्तव्य बन्ने गरेको छ। *तस्बिरः सुशीलबाबु थकाली/रासस*

# वित्तीय संस्थालाई सेवा सुरू गर्न राष्ट्र बैंकको आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सीमित कर्मचारीमार्फत अत्यावश्यक बैंकिङ तथा डिजिटल भुक्तानीसम्बन्धी सेवा सञ्चालन गर्न नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई आग्रह गरेको छ। राष्ट्र बैंकले सम्पूर्ण इजाजतप्राप्त बैंक, विकास बैंक, वित्त कम्पनी तथा भुक्तानीसम्बन्धीकार्य गर्ने संस्थालाई व्यवसायिक निरन्तरता दिन भनेको हो।

राष्ट्र बैंकलेएक सूचना जारी गर्दै नेपाली सेनाले भदौ २५ गते जारी गरेको निषेधाज्ञासम्बन्धी व्यवस्थालाई मध्यनजर गर्दै यस्तो व्यवस्था मिलाउन निर्देशन दिइएको उल्लेख छ।

सूचनामा भनिएको छ, 'बैंक तथा वित्तीय संस्थाले आफ्ना संवेदनशील प्रणाली सीमित कर्मचारीमार्फत सञ्चालन गरी अत्यावश्यक बैंकिङ तथा डिजिटल भुक्तानीसम्बन्धी सेवा सञ्चालन गर्नुपर्नेछ। अन्य प्रणालीमा भने जोखिमको आधारमा रिमोट एसिसमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्नेछ,' नेपाल राष्ट्र बैंकले जनाएको छ।

त्यस्तै, सूचनामा आवश्यक सेवा सञ्चालनमा आएका शाखा, एटीएम र उपलब्ध सेवासम्बन्धी जानकारी आफ्नो वेबसाइट र सामाजिक सञ्जालमार्फत सर्वसाधारणलाई जानकारी गराउन सबै संस्थालाई आग्रह गरिएको छ।



# रहरलाग्दो तरकारीखेती

## वार्षिक १० लाखभन्दा बढी आम्दानी गर्छन् रगरगञ्जका कृषक परिवार

■ **दामोदर खनाल**

**बुटवल–** रूपन्देहीको तिलोत्तमा नगरपालिका रगरगञ्जका किसानहरू तरकारीखेतीमा जमेर लागेका छन्। यहाँ तरकारीखेतीमा लागेका किसानहरूले दुई लाखदेखि १५ लाख रूपैयाँसम्म आम्दानी गर्ने गरेका छन्। उनीहरूले मलखाद, बीउ र मूल्यकै समस्याले गर्दा परिश्रमअनुसार अझ राम्रो आम्दानी पाउन सकेका छैनन्।

तिलोत्तमा नगरपालिका, रगरगञ्ज वडा नम्बर १४ मा ५७ जना किसानले हरितक्रान्ति तरकारी उत्पादक किसान समूह गठन गरेर व्यावसायिकरूपमा तरकारीखेती गरेका छन्। गाउँका किसानहरू मौसमी बेमौसमी तरकारीखेती गरिरहेका छन्। उनीहरूले भेण्डी, काउली, बन्दागोभी, करेला, मुला, भाण्टा, ब्रोकाउली, बोडी, सेमीलगायतका तरकारी उत्पादन गर्दै आएका छन्। ती उत्पादित तरकारीलाई थोक व्यापारी र स्थानीय हाटबजारहरूमा बिक्री गर्ने गर्दछन्।

यहाँका किसानले छ बिघा खेतमा तरकारीखेती गर्दै आएका छन्। किसान पन्नालाल केवटले योपटक पाँच कठ्ठा खेतमा भेण्डीमात्र लगाएर राम्रो आम्दानी गरेको बताए। विगत १८ वर्षदेखि तरकारीखेती गर्दै आएका उनले विगत वर्षमा १५ लाख रूपैयाँसम्म आम्दानी गरेको सुनाए। यो पटक बीउ, मललगायत महँगो भई तरकारीले भाउ नपाउँदा १० लाख रूपैयाँसम्म मात्र आम्दानी हुने उनको अनुमान छ।

अर्का किसान छोटेलाल केवटले दुई बिघा खेतमा तरकारीखेती गरेर वार्षिक साढे चार लाख रूपैयाँसम्म आम्दानी गरिरहेको बताए। मल र बीउको समस्याले उनलाई पनि पिरोलेको छ।

व्यावसायिकरूपमा तरकारीखेतीमा लागेका किसानहरूले सरोकारवाला निकायबाट खासै सहयोग पाउन नसकेको गुनासो गरेका छन्। पछिल्लो समय उत्पादित तरकारीले मिहेनत र लगानीअनुसार मूल्य पाउन नसक्दा किसानहरू निराश देखिएका छन्। १० ग्राम ब्रोकाउलीको बीउलाई एक हजार ३०० रूपैयाँ तिर्नुपरेको गुनासो गर्दै कतिपय तरकारीका बीउहरू गुणस्तर नहुँदा उत्पादन निकै कम हुने एक किसानले बताए।

अहिले बजारमा ३० देखि ४० रूपैयाँ प्रतिकेजी पर्ने भेण्डीको मूल्य किसानले १२ देखि १५ रूपैयाँमात्र पाउने गरेका छन्। अन्य तरकारीको मूल्य पनि उनीहरूले निकै कम पाउने गर्छन्। उता कृषिक्षेत्रको विकास र किसानहरूलाई प्राविधिक सेवा सुविधा दिन स्थापित कृषि कार्यालयहरू किसानका समस्याप्रति बेखबर रहेका छन्। कृषि प्राविधिकहरूबाट सेवा पाउन नसकेको कृषकहरूको गुनासो छ।

उपभोक्ताको भान्सासम्म पुग्दा कतिपय तरकारीको मूल्य निकै महँगो हुने गर्दा उपभोक्ता पनि महँगीको मारमा पर्दै आएका छन्। तसर्थ, सरकार र सरोकारवाला निकायले किसानको बिक्री मूल्य र बजार मूल्य अवलोकन गरी बजारका बिचौलियाको मूल्यमा कमी ल्याउन सके किसानले उचित भाउ पाउन सक्ने देखिन्छ। यसो गर्दा उपभोक्ताले पनि कम मूल्यमा तरकारी उपभोग गर्न पाउने सरोकारवालाहरूको भनाइ छ।



# त्रिभुवन विमानस्थलको उडान नियमित

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको हवाई उडान नियमित रूपमा सञ्चालन भइरहेको छ। विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेका अनुसार बुधबार साँझदेखिनै विमानस्थलको उडान नियमित रूपमा सञ्चालन भइरहेको छ। 'विगतका दिनहरूमा जस्तै आन्तरिक र अन्तरराष्ट्रिय उडान सामान्य रूपमा सञ्चालन भइरहेको छ। यात्रु आवागमनलाई सहज तुल्याउन सुरक्षा निकायसँग समन्वय गरिएको छ', उनले भने।

विमानस्थलको हालको उडान तालिका भन्दा उडान थप्नसक्ने अवस्था नरहेको र विगतकै क्षमतामा हवाई उडान नियमित गरिने विमानस्थलले जनाएको छ।

काठमाडौं उपत्यकामा निषेधाज्ञा जारी रहेकाले हवाई यात्रुलाई परिचय खुल्ने कागजातका आधारमा आवतजावतमा सहजीकरण गरिएको छ। नेपाल पर्यटन बोर्डले सटल बसको व्यवस्था गरी विदेशी पर्यटकलाई गन्तव्यमा पुऱ्याइने जनाएको छ। यता वायुसेवा कम्पनीले पनि आफ्ना यात्रुलाई विभिन्न व्यवस्था गरेर गन्तव्य लगिरहेको विमानस्थलले जनाएको छ।

निजी क्षेत्रका हवाई कम्पनी बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार आज बिहानदेखि नियमित रूपमा उडानहरू भइरहेका छन्। काठमाडौं र बाहिरका गन्तव्यमा दुई तीन दिनदेखि रोकिएका यात्रुलाई लैजानुपर्नेछ।

'जेनजी पुस्ता'का कारण विषम परिस्थिति उत्पन्न भए पनि यही भदौ २४ गतेदेखि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल बन्द गरिएको थियो। विमानस्थल सुरक्षा समितिको बैठकको निर्णय अनुसार बुधबार दिउँसो ३:३० बजेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान पुनः थाल्ने निर्णय गरिएको थियो। बुधबार साँझदेखिनै आन्तरिक र अन्तराष्ट्रिय दुवै उडान सञ्चालन भइरहेका छन्।

विमानस्थलले हवाई उडानका लागि विमानस्थल आवागमन गर्ने यात्रुले आ-आफ्नो वायुसेवा कम्पनीसँग सम्पर्क गरी उडान समयको जानकारी लिएर विमानस्थल आउन अनुरोध गरेको छ। साथै यसरी आवतजावत गर्दा आधिकारिक हवाई टिकट र परिचय खुल्ने कागजात साथमा लिई आउन समेत भनिएको छ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलभएर दैनिक तीनसयभन्दा बढी उडान हुन्छ। यसमध्ये आन्तरिकतर्फ दुई सय ५० भन्दा बढी र अन्तरराष्ट्रियमा दैनिक १०० हाराहारी उडान हुन्छ। विमानस्थल बिहान ६:०० बजेदेखि राति १३:०० बजेसम्म सञ्चालन हुँदै आएको छ। आन्तरिकतर्फ १२ हेलिकप्टर कम्पनीसहित २१ वायुसेवा कम्पनीले सेवा दिइरहेका छन्। अन्तरराष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई कम्पनीले उडान भर्दै आएका छन्।

# मुस्ताङमा 'हाइब्रिड' स्याउ उत्पादन बढ्यो



**मुस्ताङ–** मुस्ताङमा उच्चघनत्व प्रविधिमा आधारित 'हाइब्रिड' स्याउको उत्पादन भइरहेको छ। यसपटक 'पोस्ट हाभेस्ट' अन्तिम चरणमा पुगेको छ। यहाँ सरोकार भएका निकाय सम्मिलित जिल्लास्तरीय समन्वयात्मक बैठकले उच्च 'हाइब्रिड' गाला स्याउ भदौ ५ देखि र किङरट जातको स्याउ भदौ १५ गतेदेखि जिल्ला बाहिर लैजान पाउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार यहाँका स्याउ बगैंचाबाट पोखरा–काठमान्डौंलगायत स्थानमा पुऱ्याइसकिएको छ।

कृषि ज्ञान केन्द्रका अनुसार यसवर्ष यस्तो स्याउको उत्पादन करिब १० प्रतिशतले वृद्धि भएको अनुमान छ। कार्यालय प्रमुख राजेश गुरुङले यहाँको प्रारम्भिक सर्वेक्षणमा स्याउ उत्पादनमा वृद्धि भएको देखिएको बताए। गत वर्ष मुस्ताङमा ६० हेक्टर 'हाइब्रिड' स्याउ बगैंचा क्षेत्र रहेकामा उत्पादनशील ५० हेक्टर क्षेत्रफलमा एक हजार २५० मेट्रिक टन स्याउ उत्पादन भएको उनले जानकारी दिए। यसवर्ष गत वर्षभन्दा एक सय २५ मेट्रिक टन बढी उत्पादन भएको कार्यालय प्रमुख गुरुङको भनाइ छ।

यहाँ परम्परागत स्थानीय जातका स्याउको उत्पादनमा भने ह्रास आउने देखिएको कृषि ज्ञान केन्द्रले अनुमान गरेको छ। यस वर्ष गत वर्षको तुलनामा स्थानीय जातको स्याउ १५ प्रतिशतले ह्रास आउने प्रक्षेपण गरिएको केन्द्र प्रमुख गुरुङले सुनाए। गत वर्ष यहाँ आठ सय ३० हेक्टरमा स्थानीय लगाइएकामा छ हजार ७८ दशमलव ८४ प्रतिशत मेट्रिक टन उत्पादन भएको थियो। ज्ञान केन्द्रले गत वर्षभन्दा ९२ मेट्रिक टन कम उत्पादन हुने अनुमान गरेको छ।

थासाङ–१ टुकुचेका कृषक दिपसागर थकालीले यसवर्ष थासाङ क्षेत्रमा स्थानीय स्याउको उत्पादन एक तिहाईले घटेको बताए। 'गत वर्ष लटरम्म फलेको थियो, तर यस वर्ष बोटमा स्याउ नै थोरै फलेको छ', उनले भने।

केही क्षेत्रमा भने उत्पादनमा समस्या नआउने अनुमान रहेको छ। यहाँको घरपफ्कोङ–५ स्थित चिम्ले अचार्ड कृषि स्याउ फार्ममा स्थानीय जातका स्याउ उत्पादनमा कुनै असर नपरेको फार्मका सञ्चालक कर्म गुरुङले बताए। बगैंचाको उचित व्यवस्थापन, भूगोल र स्थानले समेत स्याउ उत्पादनमा फरक पर्ने उनले सुनाए।

शीतोष्ण बागवानी विकास केन्द्र मार्फाका प्रमुख पद्मनाथ आत्रेयले बोटमा फूल फुल्दै गरेको बेला वर्षा भएकाले असर पुऱ्याएकाले उत्पादनमा कमी आउने देखिएको बताए। तथापि, जिल्लामा कति स्याउ उत्पादन भयो भन्नेबारे असोजपछि यकिन हुने उनको भनाइ छ।

केन्द्रका अनुसार स्थानीय र 'हाइब्रिड' गरी गतवर्ष यहाँ छ हजार १६ हेक्टर क्षेत्रफलमा सात हजार ३२८ मेट्रिक टन स्याउ उत्पादन भएको थियो। जसमध्ये १० प्रतिशत स्याउ मुस्ताङमै खपत भएको थियो भने ९० प्रतिशत स्याउ बाहिर निकासी भएको थियो। स्याउ निकासीबाट रु ८२ करोड ६८ लाख कारोबार हुँ रु नौ करोड १८ लाख ६७ हजार बाराबर जिल्लामै खपत भएको ज्ञान केन्द्रले जनाएको छ। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ